www.ehetaudasandesh.com
हेटौंडा राष्ट्रिय दैनिक
# सन्देश
Hetauda Sandesh Daily
वर्ष : २४ ॥ अंक:२७८ ॥ शनिबार १६ चैत २०८१ ॥ औंशी ॥ ११४५ ॥ चिल्लागा ॥ Saturday 29 March 2025 ॥ पृष्ठ: 8 ॥ मूल्य : रु. 3/-॥

## सवारी दुर्घटनामा एकजनाको मृत्यु

सन्देश संवाददाता

हेटौंडा/मकवानपुरको मनहरी गाउँपालिका वडा–६, लोथरमा भएको सवारी दुर्घटनामा एक जनाको मृत्यु भएको छ। शुक्रबार विहान ३ बजेर १५ मिनेटमा दुर्घटना हुँदा म्याजिकचालक मकवानपुर राक्सिराङ गाउँपालिका–४ बस्ने ३२ वर्षीय सन्देश कोइरालाको मृत्यु भएको हो।

सवारी दुर्घटनामा कोइरालाको खुट्टा, टाउको र शरीरको विभिन्न भागमा चोट लागेर गम्भीर घाइते भइ उपचारका लागि चितवन मेडिकल कलेज भरतपुर पठाइएकोमा शुक्रवार विहान ४ बजेर १५ मिनेटमा मृत्यु भएको थियो। पूर्वपश्चिम राजमार्गअन्तर्गत् लोथर बजारमा चितवनबाट हेटौंडातर्फ आउँदै गरेको बा.प्र.०३–००६ ख ५६८१ नम्बर बस र मनहरीबाट चितवनतर्फ जाँदै गरेको बा.प्र.०३–००१ च ३०१२ नम्बर म्याजिक खाली गाडी एकापसमा ठक्कर खाइ दुर्घटना भएको हो।

मृतकको शव चितवन मेडिकल कलेज भरतपुरमा छ भने बसचालक प्रहरीले नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी उपरीक्षक विश्वराज खड्काले जानकारी दिए।

### भारतका गुम्बा

# पढ्न लगिएका बालकहरुको छैन फर्किएको रेकर्ड

सुनिता बिष्ट

हेटौंडा/झण्डै छ वर्षअघि जेठ, २०७६ मा सर्लाहीको मलंगवा सीमा हुँदै छिमेकी सिन्धुली मरिणका राजकुमार थिङसहित १८ बाल–बालिकालाई भारत लगिन्छ। भारतको गुम्बामा पढ्न भनेर लगिएका राजकुमारसहित अधिकांश बालकहरु घर फर्किए। तर, उनी पढ्न भनेर भारतको गुम्बामा गएको र फर्किएको कुनै रेकर्ड कहींकतै छैन।

वौद्ध शिक्षा पढाउने र लामा बनाउने भन्दै नेपालका ग्रामीण भेगबाट बालकहरुलाई भारतका गुम्बामा ओसारपसार हुने गरे पनि त्यसको उजुरी कतै पर्दैन पनि। नेपालबाट भारतका गुम्बामा बालकहरुलाई हाल पनि लैजाने गरिएको छ। तर, नेपाली बालकहरुलाई कहिलेदेखि भारत लैजान थालिएको हो र हालसम्म कति बालक भारतीय गुम्बामा छन् भन्ने कुनै तथ्यांक पनि छैन।

नेपाल प्रहरीले आर्थिक वर्ष २०७८/०७९ मा बेचबिखन तथा ओसारपसारसम्बन्धिका १ सय १९ वटा मुद्धा दर्ता गरेको थियो। यस्ता मुद्धा आर्थिक वर्ष २०७९/०८० मा ७५ वटा परेका छन्। जसमा गुम्बामा बालकको ओसारपसार भएका घटनाका मुद्धा न्यून छन्। मंसिर २१, २०७८ मा नेपाल प्रहरीले मानव बेचबिखन तथा ओसारपसारसम्बन्धि कसुरमा मुद्धा दर्ता गरेका नवलपरासीको देवचुली नगरपालिका–१७ का सन्तवीर लामाले बयानमा आफूले ३ वर्षमा ७०/८० जना बालकलाई भारतका गुम्बामा लगेको बताएका थिए। नेपाली बालकहरुलाई पढ्नका लागि भारत कर्नाटकको गुम्बामा लैजाने गरेका उनको भनाइलाई आधार मान्दा पनि हरेक वर्ष बालकहरुको ओसारपसार हुन्छ भनेर बुझ्न सकिन्छ।

सन्तवीरकै मुद्धा अनुसन्धानका क्रममा नेपालस्थित कदम्पा बुद्धिष्ट प्रतिष्ठानले मंसिर १४, २०७८ प्रहरी प्रधान कार्यालय, मानव बेचबिखन ब्युरोलाई लेखेको पत्रमा सन् १९९७ तिर नै ज्योबो कदम्पा गुम्बाबाट भारतको कर्नाटकस्थित सर गडेन मोनस्ट्रीमा गएर उच्चशिक्षा हासिल गरेको उल्लेख छ। यसले नेपालबाट धेरै पहिलादेखि नै भारतका गुम्बामा बालकहरुलाई पढ्न लगिने रहेछ भन्ने प्रष्ट हुन्छ। यसरी लामो समयदेखि अन्तर्देशीय रुपमा बालबालिकाको ओसारपसार भइरहँदा पनि त्यसलाई रोक्न उचित कानुनी व्यवस्था नभएकोमात्र होइन, भएकै कानुन पनि कार्यान्वयन भएको पाइँदैन। यतिसम्म कि अदालतले नै पढाउने उद्धेश्यले बालकहरुलाई भारत लैजानुलाई मानव बेचबिखन तथा ओसारपसारको कसुर प्रमाणित नहुने भन्दै फैसला गरेको छ।

जेठ १२, २०७९ मा काठमाडौं जिल्ला अदालतका न्यायाधीश उद्धवप्रसाद भट्टराईले गरेको यस्तै फैसलाबाट देवचुलीका सन्तवीरले सफाइ पाएका थिए। जबकि, सन्तवीरले भारतका गुम्बामा पढाउनका लागि बालकहरु लैजान लागेको र यसअघि पनि लगेको स्वीकारेका छन्। मुद्धामा काठमाडौंको जोरपाटीमा बस्ने रमिला लामाले दिएको कागजी बयानअनुसार सन्तवीरले भारतमा लामा पढ्न पठाउँछु, नेपालमा लामा पढेर केही हुँदैन, भारतमा लामा पढेमा ठूलो लामा बनिन्छ, लामा पढाउने गुरुसमेत बनिन्छ र पैसा धेरै कमाउन सकिन्छ भनी रमिलाका देवरलाई आश्वासनसमेत दिएका थिए।

सन्तवीरले भारत लैजान लागेका बालकहरुलाई वादी बनाएर प्रहरीले अदालतमा मुद्धा हालेको थियो। वादीमध्येका एक जना प्रहरीले नाम परिवर्तन गरेर २६ बबरमहल (द १) राखेका बालकले बुबाआमालाई समेत भेटेर सन्तवीरले कर्नाटकमा बुद्धिस्ट धर्मको ज्ञानआर्जन गरी ठूलो मानिस बन्ने तथा पढाउने मास्टर पनि हुन पाइन्छ, लामा भएपछि धेरै दक्षिणा (भेटी) कमाइ हुन्छ, मैले हालसम्म ७० जनाभन्दा धेरैलाई व्यक्तिलाई लगिसकेको छु भनी विभिन्न प्रलोभन देखाएका थिए।

बालबालिका वा उनीहरुका बाबुआमा वा अभिभावकलाई डर, त्रास, धाकधम्की, बलको प्रयोग, झुटा आश्वासन वा प्रलोभन दिएर ओसारपसार गर्ने, ओसारपसार गरेबापत् अन्य कोहीबाट रकम भुक्तानी लिने, गुम्बामा पुगेका बालबालिकाले पढ्न नपाइ बालश्रम वा दासत्वमा परेर शोषणपूर्ण जीवनमा पुगेमा बेचबिखनकै स्वरुप मान्न सकिन्छ। तर, पनि अदालततले यी बयानलाई आधार मानेर प्रलोभनमा परेको भन्ने मानेन र सन्तवीरलाई सफाइ दियो। बालकहरुलाई ३ वर्षदेखि भारत लैजाने गरेको र यसपटक कागजपत्र बनाउन गएको बेला सिन्धुलीमा पक्राउ परेको बयान सन्तवीरले दिए पनि अदालतले उनले यसअघि भारत लगेका बालकहरुको कागजपत्रबारे केही हेरेन।

सन्तवीरसँग पढाउन लैजाने आवश्यक कागजात नभए पनि पढाउन लैजान लागेको मौखिक बयानलाई नै विश्वास गरी अदालतबाट मुद्धाको फैसला गरिएको छ। जबकि, बिनाकागजात बालबालिकालाई सीमा पार गराउनुलाई बालबालिकासम्बन्धि ऐन, २०७५ ले गैरकानुनी मानेको छ। पालेर्मो प्रोटोकलको धारा ३ ले बालबालिकालाई यसरी स्थानान्तरण गर्नुलाई बेचबिखनको परिभाषाभित्र समेटेको छ। बिनाकागजात सीमापारिका देशमा बालकहरुलाई ओसारपसार गर्नु संवेदनशील विषय भए पनि पर्याप्त प्रमाण र स्पष्ट कानुन नहुँदा मुद्धा प्रमाणित गर्न चुनौती हुने गरेको काठमाडौं सरकारी वकिल कार्यालयका तत्कालीन सहन्यायाधीवक्ता सन्देश श्रेष्ठ बताउँछन्।

बालबालिकासम्बन्धि नियमावली २०७८ को नियम १५ को (ग) मा बालबालिकाको धर्म, सँस्कृति, भाषा, पहिचान, समुदाय र पारिवारिक सन्निकटता कायम रहने व्यवस्था छ। धार्मिक विद्यालयमा अध्ययन गराउने नाममा परिवारलाई गलत तथा स्पष्ट सूचना नदिइ भारत लैजानु अपराध भएको केन्द्रीय बाल कल्याण समितिका तत्कालीन कार्यकारी निर्देशक तारक धिताल बताउँछन्।

बालबालिकासम्बन्धि ऐन, २०७५ को दफा ६ को उपदफा १ मा कुनै पनि बालबालिकालाई निजको इच्छाविपरीत बुबाआमाबाट अलग गर्नु हुँदैन भनिएको छ। बालबालिकालाई अध्ययन वा जुनसुकै बहानामा पनि बिनाकागजात देशबाहिर लैजाने विषय संवेदनशील भएकाले यसको नियमनका लागि तत्काल नियम बनाउन आवश्यक रहेको बालअधिकार परिषद्का पूर्वनिर्देशक तथा बालअधिकारकर्मी मिलन धरेल बताउँछन्। उनका अनुसार सरकारले नेपालबाट भारतका गुम्बाहरुमा लैजाने र नेपालको गुम्बामा अध्ययन गरिरहेका बालकलाई भारतका गुम्बामा ओसार पसार गर्ने विषयलाई कसुरका रुपमा स्वीकार गरेको छैन।

स्थानीय तह र राष्ट्रिय बालअधिकार परिषद्को स्वीकृतिबेगर जुनसुकै कारण देखाए पनि भारतीय गुम्बामा नेपाली बालबालिका लैजानलाई बालबालिका वा उनीहरुका बाबुआमा वा अभिभावकलाई डर, त्रास, धाकधम्की, बलको प्रयोग, झुटा आश्वासन वा प्रलोभन दिएर ओसारपसार गर्ने कामलाई मानव बेचबिखनकै स्वरुप मान्न सकिने काठमाडौं स्कुल अफ लका उपप्राध्यापक तथा बालअधिकारकर्मी कपिल अर्याल बताउँछन्।

बालबालिकासम्बन्धि ऐन, २०७५ अनुसार बालबालिकालाई हानि हुने वा उनीहरुको शिक्षामा बाधाअड्चन पुग्ने वा स्वास्थ्य, शारीरिक, मानसिक, नैतिक, सामाजिक विकासमा हानि पुग्ने कुनै पनि कामबाट संरक्षित हुन पाउने अधिकार हुनेछ। तर, यो अधिकार विपरीत भारत लैजानेहरुले बालक तथा किशोरहरुलाई पढाइने शिक्षाबारे जानकारी दिँदैनन्। जसले गर्दा बालकहरु गुणस्तरीय शिक्षा लिनबाट वञ्चित हुन्छन्।

ऐनको दफा १५ को उपदफा २ मा प्रत्येक बालबालिकालाई प्रचलित कानुनबमोजिम आधारभुत तहसम्मको शिक्षा अनिवार्य र नि: शुल्क तथा माध्यमिक तहसम्मको शिक्षा नि: शुल्करुपमा बालमैत्री वातावरणमा पाउने अधिकार हुनेछ भनिएको छ। तर, बालकहरुलाई अध्ययनका लागि प्रक्रिया पूरा नै नगरी गैरकानुनी बाटो प्रयोग गरी अन्तर्देशीय ओसारपोसार हुने गरेको छ। जसले गर्दा बालकहरु आफ्ना आमाबुबाको रेखदेखमा बसेर गुणस्तरीय शिक्षा पाउनबाट वञ्चित छन्। दफा ६६ को उपदफा २ (ञ) बमोजिम सनातन परम्परा वा कुनै धार्मिक वा साँस्कृतिक कार्यक्रमका लागि बाहेक भिक्षा माग्न लगाउने, सन्न्यासी, भिक्षु, फकिर वा अन्य कुनै भेषधारण गर्न लगाउने कार्यलाई कसुर मानिएको छ।

कस्तो खालको धार्मिक तथा साँस्कृतिक कार्यक्रममा बालबालिका प्रयोग गर्न पाइने हो भनेर कानुमा स्पष्ट ब्याख्या नगरिएको अधिवक्ता सोमराज लुइँटेल बताउँछन्। 'यसरी पठाइएका बालबालिका सुरक्षित हुन्छन् भन्ने ग्यारेन्टी कसले लिन्छ। उनीहरु बेचबिखनको जोखिममा पनि पर्न सक्छन्,' लुइँटेल भन्छन्– सरकारले यस विषयलाई सम्बोधन गर्ने स्पष्ट कानुन ल्याउनुपर्छ।

अधिवक्ता लुइँटेलका अनुसार भारतका गुम्बामा हुने बालकहरुको ओसारपसारमा अलिकति शिक्षाको विषय, अलिकति धर्मको विषय, अलिकति ओसार पसार तथा बेचबिखनको विषय पनि जोडिएको र जिम्मेवारी लिने निकाय नहुँदा गैरकानुनी ओसारपसार भएको देखिन्छ। यस बिषयमा सरोकारवाला निकाय पनि अलमलमा परेको कारण समस्या भएको उनी बताउँछन्।

## कोटेश्वर भाटभटेनीबाट लुटे मोबाइल, घडी र महँगा मदिरा




काठमाडौं/राजावादी प्रदर्शनकारीहरूले कोटेश्वर भाटभटेनी सुपर स्टोरमा तोडफोड गरेर मोबाइल फोन, घडी, मदिरा जस्ता महँगा सामान लुटेका छन्।

भाटभटेनी व्यवस्थापनका एक अधिकारीका अनुसार प्रदर्शनकारीहरू सुरुमा एक दर्जन संख्यामा आएर मूलगेट फुटाएका थिए। त्यसपछि कम्पाउन्डभित्र छिरेर तोडफोड सुरु गरेका थिए।

भाटभटेनी व्यवस्थापनले लगत्तै प्रहरीलाई फोन दिउँसो ३:२८ बजे फोन गरेर सहयोग मागे पनि प्रहरी भने ३४ मिनेटपछि मात्र आएपछि स्थिति नियन्त्रणमा आएको थियो।

'प्रदर्शनकारीहरू एक दर्जन हुँदै डेढ सय हाराहारी आएर तोडफोड र लुटपाट मच्चाए,' भाटभटेनीका ती अधिकारीले अनलाइनखबरसँग भने, 'प्रदर्शनकारीहरूले मोबाइल फोन, घडी, मदिरा, कपडा लगायत महँगा सामान लुटेर लगेका छन्।'

त्यतिमात्र होइन, प्रदर्शनकारीहरूले फलफूल, तरकारी पनि लुटेका लगेका छन्। तोडफोड र लुटपाटबाट कति क्षति भयो भन्ने यकिन आकलन हुन बाँकी रहेको उनले बताए।

'समयमै प्रहरी आएको भए यतिविधि लुटपाट र तोडफोड हुन पाउँथेन,' उनले भने, 'भाटभटेनी तोडफोड र लुटपाटमा संलग्न सबैलाई कडा कारबाही हुनुपर्छ र हामीलाई उचित क्षतिपूर्ति दिनुपर्छ।'

राजावादी समूहको प्रदर्शन बिथोलिएपछि तितरबितर भएको समूहले भाटभेटनी सुपर स्टोरका सुरक्षागार्डलाई हातपात गर्दै भित्र छिरेको थियो। त्यसपछि लुटपाट गर्दै सामान बाहिर निकालेर आगजनी समेत गरेको थियो।

प्रदर्शनककारीहरूले भाटभटेनी सुपर स्टोरको भवनका सिसा फुटाएका छन्।

## आगजनीमा पत्रकार रजकको मृत्यु



काठमाडौं/राजावादीहरुको आगजनीमा परी तीनकुनेमा पत्रकार सुरेश रजकको मृत्यु भएको छ। राजसंस्था पुनर्स्थापनाको आन्दोलनका क्रममा उनको मृत्यु भएको काठमाडौं उपत्यका प्रहरी कार्यालयले जनाएको छ।

तीनकुनेको घरबाट उनले लाइभ गरिरहेका थिए। त्यसक्रममा राजावादीहरुले घरमा आगजनी गर्दा उनको जलेर मृत्यु भएको हो। उनी आगजनीमा परेको थाहा भएपछि एभिन्युज टेलिभिजन सञ्चालक भाष्कर राजकर्णिकारले प्रहरी तथा काठमाडौंका प्रमुख जिल्ला अधिकारीलाई फोन गरेका थिए।

राजसंस्था पुनर्स्थापनाको आन्दोलनका क्रममा प्रहरीको गोली लागेर एक युवाको मृत्यु भएको छ। कीर्तिपुरका २९ वर्षीय सबिन महर्जनको उपचारका क्रममा त्रिवि शिक्षण अस्पतालमा मृत्यु भएको गृह मन्त्रालयले जनाएको छ। प्रदर्शनमा घाइते भएका उनलाई उपचारका लागि शिक्षण अस्पताल पुर्‍याइएको थियो। त्रिवि शिक्षण अस्पतालका निर्देशक डा. सुवास आचार्यका अनुसार महर्जनको घाँटीमा गोली लागेको थियो। उनी अस्पताल पुर्‍याउँदै मृत भेटिएको आचार्यले बताए। शुक्रबार तीनकुनेमा राजसंस्था पक्षधरको आन्दोलन अनियन्त्रित भएको थियो।

## आश्रममा महायज्ञको तयारी पूरा



सन्देश संवाददाता

हेटौंडा/हेटौंडा उपमहानगर पालिका वडा–९ स्थित मानवसेवा आश्रमले गर्न लागेको श्रीमद् भागवत् सप्ताह ज्ञान महायज्ञको सम्पूर्ण तयारी पूरा भएको छ। शुक्रबार कार्यालयमा पत्रकार सम्मेलन गर्दै चैत १७ गतेदेखि २४ गतेसम्म हुने महायज्ञको सम्पूर्ण तयारी पूरा भएको जानकारी दिइएको हो।

आश्रमको मुख्य कार्यालय प्रांगणमा हुने महायज्ञमा भागवत् भाष्कर कमलनयन गौतमबाट कथाप्रवचन हुने आश्रम संस्थापक अध्यक्ष रामजी अधिकारीले जानकारी दिए। आश्रमको क्षमता अभिवृद्धि र आश्रम व्यवस्थापनलाई थप सहज बनाउन महायज्ञ गर्न लागिएको उनले बताए। महायज्ञबाट उठेको रकमबाट १० करोडको अक्षयकोष स्थापना गरिने बताइएको छ। २०८२ सालभित्र सहयोगापेक्षी सडकआश्रित मानवमुक्त राष्ट्र नेपाल निर्माणको संकल्पलाई पूरा गर्नसमेत आधार तयार पार्न महायज्ञले सहयोग पुर्‍याउने उनको भनाइ छ।

महायज्ञको पहिलो दिन चैत १७ गते विहान ७:३० बजेदेखि कुष्माण्ड सरोवर त्रिवेणीधामबाट बाजागाजासहित कलशयात्रा निकालिने संरक्षक अधिकारीले जानकारी दिए। महायज्ञको उद्घाटन विहान ९ बजे बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले गर्नेछन्। चैत १८ गतेदेखि २४ गतेसम्म नि: शुल्क योग शिविर समेत सञ्चालन हुनेछ। हेटौंडामा हुन लागेको यो महायज्ञ १० औं हो।

यसअघि आश्रमले चितवन, लमजुङ, पोखरा, बुटवल, दाङ, सुर्खेत, बुटवल, धनगढी र सर्लाहीमा महायज्ञ गरिसकेको छ। हेटौंडास्थित कार्यालयले हालसम्म १ हजार ७ सय ९६ जनाको उद्धार गरिसकेको छ भने २ सय ३८ जना आश्रित छन्।

## प्रविधिमैत्री शिक्षामा जोड दिनुपर्ने



सन्देश संवाददाता

हेटौंडा/बागमती प्रदेशका खानेपानी, ऊर्जा तथा सिंचाईं मन्त्री श्यामबहादुर खड्काले अबको शिक्षा व्यवहारिक, रोजगारमूलक र प्रविधिमैत्री हुनुपर्ने बताएका छन्। औपचारिक शिक्षा हासिल गरि–सकेपछि विद्यार्थीहरुले तत्काल रोजगार नपाउने र विदेशिनुपर्ने बाध्यात्मक अवस्थाप्रति चिन्ता व्यक्त गर्दै मन्त्री खड्काले अब दिइने शिक्षा व्यवहारमा लागु हुने, रोजगारमूलक र प्रविधियुक्त हुनुपर्नेमा जोड दिएका हुन्।

हेटौंडा–२ स्थित सिद्धार्थ माविको ४६ औं अभिभावक भेला शुक्रबार हेटौंडामा उद्घाटन गर्दै मन्त्री खड्काले अब कृषि शिक्षालाई नेपालको भूमि सुहाउँदो पाठ्यक्रम बनाएर लागु गर्नुपर्ने र बाल–बालिकाहरुको चाहना, रुचि, स्वभाव र व्यवहारअनुकूल पढ्न पाउने व्यवस्था लागु हुनुपर्ने बताए।

औपचारिक शिक्षा सकिएपछि व्यक्तिसँग कुनै विषयमा हुनुपर्ने विशेष क्षमता र सीप विकास नहुँदा सरकारको लगानी र अभिभावकको चाहना सफल नभएकोमा दु:ख व्यक्त गर्दै मन्त्री खड्काले आगामी दिनमा बागमती प्रदेश सरकारले नयाँढंगको शिक्षा प्रणाली लागु गर्ने प्रतिबद्धता व्यक्त गरे। मन्त्री खड्काले वर्तमान शैक्षिक प्रणाली सुधारका लागि उद्योग वा रोजगारप्रदायक क्षेत्रहरुसँग समन्वय गरी सोहीअनुसार जनशक्ति उत्पादन गर्ने पाठ्यक्रम विकास गर्नुपर्नेमा उनको जोड थियो।

विद्यालय व्यवस्थापन समिति अध्यक्ष बलराम घिमिरेको सभाध्यक्षतामा भएको कार्यक्रममा बागमती प्रदेशसभा सदस्य एकालाल श्रेष्ठ, हेटौंडा उपमहानगरपालिकाका प्रवक्ता तथा १ वडा अध्यक्ष सबिन न्यौपाने, २ वडा अध्यक्ष विष्णुगोपाल महर्जन, विव्यसका पूर्वअध्यक्षद्वय गुणराज घिमिरे, मधु बजगाईं, सिद्धार्थ ल क्याम्पस प्रमुख मोहन शर्मा, विद्यालय सदस्य लक्ष्मी श्रेष्ठलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए।

## घिसिङको रिटमा कारण देखाऊ आदेश

सन्देश संवाददाता

काठमाडौं/नेपाल विद्युत् प्राधिकरणका निवर्तमान कार्यकारी निर्देशक कुलमान घिसिङको रिटमा सर्वोच्च अदालतले कारण देखाऊ आदेश जारी गरेको छ। न्यायाधीश अब्दुल अजीज मुसलमानको एकल इजलासले रिटउपर सुनुवाइ गर्दै कारण देखाऊ आदेश जारी गरेको हो।

घिसिङले प्राधिकरणको कार्यकारी निर्देशकबाट आफूलाई हटाउने सरकारको निर्णयविरुद्ध अन्तिम आदेश माग गर्दै रिट निवेदन दायर गरेका थिए। अदालतले लिखित जवाफ माग गर्दै अन्तरिम आदेश हुने वा नहुने विषयमा दुवै पक्षलाई छलफलका लागि चैत १७ बोलाएको छ। आदेशमा भनिएको छ–यसमा केकसो भएको हो ? निवेदकको मागबमोजिम आदेश किन जारी हुन नपर्ने हो ? मागबमोजिम आदेश जारी हुनु नपर्ने कुनै आधार, कारण र प्रमाण भए सबुद प्रमाणसहित म्याद सूचना तामेल भएको मितिले बाटोको म्यादबाहेक १५ दिनभित्र महान्यायाधीवक्ता कार्यालयमार्फत् आफैं वा आफ्नो कानुनबमोजिम प्रतिनिधिमार्फत् लिखित जवाफ पेस गर्नुहोला।

चार महिना कार्यकाल बाँकी रहँदा सोमबारको मन्त्रिपरिषद् बैठकले घिसिङलाई नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकबाट बर्खास्त गरी हितेन्द्रदेव शाक्यलाई नियुक्त गरेको थियो।

## हेटौंडा एकेडेमीद्धारा नगदसहित राहत




सन्देश संवाददाता

हेटौंडा/हेटौंडा–११ मा रहेको हेटौंडा एकेडेमी आवासीय माध्यमिक विद्यालयले नगदसहित राहत सामग्री वितरण गरेको छ। चैत १ गते निजगढ–६ स्थित बच्चुराम अधिकारीको घरमा आगलागी भइ घर पूर्णरुपमा जलेर नष्ट भएको थियो।

बच्चुरामकी छोरी सिर्जना घिमिरे हेटौंडा एकेडेमी विद्यालयमा कार्यरत् कर्मचारी भएकोले विद्यालयले नगदसहित आवश्यक सामग्री सहयोग गरेको विद्यालय व्यवस्थापन समिति अध्यक्ष अरुणराज सुमार्गीले जानकारी दिए। विद्यालयमा रहेको बालक्लब, शिक्षक कर्मचारी र विद्यार्थीबाट संकलन भएको नगद ३५ हजार रुपियाँ र लत्ताकपडासहित बच्चुरामको घरमा पुगी वितरण गरिएको हो।

विद्यालयमा कार्यरत् शिक्षक तथा कर्मचारीलाई कुनै समस्या आइपर्दा विद्यालय सधैं साथमा रहेको सुमार्गीले बताए। 'विपद्को घटना जोकोहीलाई पनि पर्नसक्छ। यस्तो अवस्थामा सबै मिलेर पीडितलाई साथ दिनु आवश्यक छ,' विद्यालय व्यवस्थापन समिति सदस्य अंकिता सुमार्गीले बताइन्। आगामी दिनमा विद्यालय बालक्लबले विपद् तथा दैवीप्रकोपबाट पीडित परिवारलाई यसरी सहयोग जारी राख्ने हेटौंडा एकेडेमी बाल क्लबले बताएको छ।

## कविता : पर्ख, म पनि गाउँ फर्कंदैछु अन्तरे



✍ सुवास प्रधान

साथी 'अन्तरे'
शब्दहरूमा पखेटा लगाएर
एउटा अदृष्य यात्राको उडान भर्दै
आज म तिमीलाई त्यहीं भेट्न आएको छु
जहाँ मैले तिमीलाई छोडेर आएँ
॥
आहा, हाम्रो त्यो सुन्दर गाउँ 'लिम्बु धुरा"!
जहाँ तिमी जन्यौ, म जन्मे र हामी दुवै हुर्क्यौं,
बढ्यौंअनि एकदिन तन्देरी भयौं
॥
हामी तनले पनि नजिक थियौं मनले त झनै
नजिक भयौं तर, नियति तिम्रो आफ्नै थियो
नियति मेरो आफ्नै थियो समयको धारिलो
खुर्पाले एकदिन हामी दुवैलाई दुई फ्याक पार्‍यो
म गाउँदेखि सहर पसें तिमी गाउँमै अल्झियौ
॥
एकदिन तिमीले पत्रमा लेख्यौ -
म शहरको रङ्गीनतामा मस्त-व्यस्त छु
तिमी गाउँको धुलोमुलोमा धमर्धुस छौ
म आधुनिकतामा झ्याङ्गिएर सभ्य भएँ
तिमी गाउँमै गुजुल्टिएर गँवार भयौ
अर्को दिन तिमीले फेरि लेख्यौ- शहरमा मेरो
जीवन सुकिलो छ गाउँमा तिम्रो जीवन
ओशिलो म शहरमा ठूलाठूला सपना देख्छु
तिमी खेतबारीमा चानचुने सपना रोप्छौ
॥
तर, साथी अन्तरे, तिमीले कल्पेको शहरजस्तै
मैले भोगेको शहर छैन तिमीले सम्झेको गाउँ
जस्तै मैले छाडेको गाउँ छैन म शहरमा मरे
भने 'एउटा मान्छे' मर्छु तिमी गाउँमा मर्दा-
एउटा गाउँले पनि मर्छौ शहरमा त मान्छे
मात्र भेटिन्छ मन खोज्न त गाउँ नै झर्नु पर्छ
अन्तरे !
॥
शहरमा कोयलीले बास्दैन मयूर र जुरेलीले
नाच्दैन खोला-झरनाले गीत गाउँदैन
कहाँ फुल्छ र चाँप-गुराँस शहरमा ?
कहाँ हाँस्छ र बेली-चमेली शहरमा ?
भालेको डाकसम्मै गाउँ सुतेको बेला
शहर रातभर आँखा माड्दै बस्छ अन्तरे
।
यतिबेला बारीमा हिउँदे बाली आलु र गहुँ
पाक्यो होला भकारीभरि धान प्रशस्तै होला
थाङ्गामा मकै झुण्डिएकै होला आलु र मुलाको
मस्यौराछानामा सुकिरहेको होला अनि,
बगैंचामा आरुबखडा र सुन्तला लटरम्म
अरु के चाहियो र पेट भर्नलाई ?
गाउँमा कहिले अनिकाल पस्ने होइन
शहर पो अनिकालमा गाउँ पस्छ त अन्तरे!
।
यसैले साथी अन्तरे गाउँ नछाड, गाउँमै बस
खुशी हुनलाई किन ठुल्ठुला सपना चाहियो र ?
मसिना मसिना सपनाहरूमा पनि जिन्दगी
बेस्सरी रम्न सकिन्छ उज्यालोमा बस्नलाई
घाम नै किन पर्खनु पर्‍यो र ? मनको शान्तिले
नै घर झलमल्ल पार्न सकिन्छ
पर्ख, म पनि गाउँ नै फर्किंदैछु अन्तरे !

## गीत: नाताजस्तै



✍ रेशमकुमार सुनुवार

मायाको किताबको रङ्गीन गाता जस्तै
मिलन र बिछोडको प्रेमको नाता जस्तै
॥
रुनु र हाँस्नु त जिन्दगीको दुइटा पाटो
कोही हिँड्छन् नाफामा कोही लिई घाटो
घामा झरी छेक्ने सम्बन्धको छाता जस्तै
मिलन र बिछोडको प्रेमको नाता जस्तै
॥
पर्दाखेरी आफन्त नि हुन्छन् यहाँ पराई
हुन्न रैछ डराएर समयसित जिउनलाई
तोडिन्छ कि सम्वन्ध फलामको पाता जस्तै
मिलन र बिछोडको प्रेमको नाता जस्तै
॥
गीत: भन्नै सकिएन चाहनाको भेल बाढी नि गन्नै
सकिएन के के सोच्यो पापी मनले भन्नै सकिएन
नजर बस्यो तिम्ले मलाई बाटो छेकेपछि
हलचल भयो मनमा तिम्लाई देखेपछि
कति साह्रो बाँझो मन खन्न सकिएन
के के सोच्यो पापी मनले भन्नै सकिएन
॥
वैशालु यो जीवनमा यो मन चञ्चल मुटु
जोडदा साइनो गाढा बन्छ पलपल तिमीले
खोजेजस्तो मान्छे बन्न सकिएन ।

## पारसका मुक्तकहरू



✍ पारस भट्ट "प्यासी"

**मुक्तक-१**
काम जिरो गर्ने गफाडी नेताजन् यहाँ
जनताका दु:ख जनतालाई नै छन् यहाँ
कीर्तिपुर डाँडैमा बसी लाखौं कमाउने रे
जनतालाई दिन्छन् झूटा आश्वासन यहाँ

मुक्तक-२
कत्ति पनि भरोसा भएन अब नेताको
र त नेपालमा इज्जत रहेन अब नेताको
सदैव झूटको खेती मात्रै गर्ने जनता ठग्ने
मैले त राम्रो नियत देखिनँ अब नेताको

मुक्तक-3
सगरमाथा छुनुपर्ने भुइँमा खसेको देख्छु
चुरोट गुट्का खाने आदत बसेको देख्छु
पढ्न लेख्न शिक्षा लिन स्कूल गएका हुन्
विद्यार्थी त मायामा मोहमा फसेको देख्छु

मुक्तक-४
किताब बोक्न छोडी मोबाइल छन् हातमा
दिनभरि डेटिङ हुन्छ च्याटिङ हुन्छ रातमा
अहिलेका विद्यार्थी कति प्रेमिल भएका
रात काट्छन् ननिदाएरै मीठा मीठा बातमा

मुक्तक-५
बेकामे भएर डुल्ने, बजार धाउने छोराले
प्रगति गर्न सक्दैन केटी जिस्काउने छोराले
जीवनमा कहिले पनि खुसी पाउन सक्दैन
जन्म दिने आमाबाबुलाई रुवाउने छोराले

मुक्तक-६
मान्छे होइनौ कुहेको बोरा तिमी भन्नेछन्
कस्तो पागल भयौ मोरा तिमी भन्नेछन्
दिनरात रक्सी खाएर घरमा आतंक गरे,
आमाबुबाले कुलङ्गार छोरा तिमी भन्नेछन्

मुक्तक-७
सबैलाई फाप्दैन परदेशको रहनसहन पनि
याद आउँछ घर परिवारको रुन्छ मन पनि
देखासिकी भन्दा आफ्नै ठाउँमा केही गरौं
निकै कष्टकर नै हुन्छ परदेशी जीवन पनि

मुक्तक-८
दिन गन्दै बस्नुपर्छ सुखका दिन आउने
चिन्ताले सताउँछ कसरी पो खुसी पाउने
घरमा त दु:ख पर्दा आमा भन्न मिल्छ
प्रदेशमा दु:ख परे कसलाई बोलाउने

मुक्तक-९
बजारको सडे गलेको सागसब्जी लानेहरू
आफ्नो खेत बाँझो छोडी किनेर खानेहरू
एकदिन अवश्य पछुताउने छन् हेर्दै जानुस्
सारा गाउँघर रित्तो पारी शहरतिर जानेहरू

मुक्तक-१०
मेहेनत गर्ने पाखुरा चलाउने किसानलाई
सम्मान छ सबै मान्छेको प्राण बचाउने
किसानलाई सम्मान छ जनता ठगी मन्त्री,
प्रधानमन्त्री भएकाहरूलाई भन्दा, खेत जोत्ने,
हलो समाउने किसानलाई सम्मान छ ।

## मकवानपुरमा आज

१: कपडा तथा तयारी पोशाक व्यवसायी संघ मकवानपुरको ११ औं बार्षिक साधारण सभा तथा छैठौ अधिवेशन बिहान ८:०० बजे जय गणेश पार्टी प्यालेस, हेटौंडा-५ मा ।

## तपाईंको आज

**मेष**: लगनशीलताले विभिन्न अवसर दिलाउनेछ । विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्नेछ । गुमेको स्थान प्राप्त हुनाले आफ्नो वर्चस्व समेत बढ्नेछ ।

**बृष**: आध्यात्मिक चेतनाले धर्मकर्म र सेवामा प्रवृत्त गराउनेछ । दिउँसोदेखि स्थितिमा सुधार आउनेछ । कामको यश लिने सौभाग्य प्राप्त हुनेछ ।

**मिथुन**: अस्वस्थताले काममा बाधा पुग्न सक्छ । खर्च र चुनौतीको समय रहेको हुँदा अलि सजग रहनुपर्ला । समस्या दर्साउँदा सहयोगीहरूले साथ दिनेछन् ।

**कर्कट**: बुद्धिको उपयोगले लक्ष्य पहिल्याउन सकिनेछ । दिउँसोदेखि स्थिति अनुकूल बन्दै जानेछ । श्रम परे पनि लगन–शीलताले केही उपलब्धि दिलाउन सक्छ ।

**सिंह**: रमाइलो यात्रा गर्ने समय छ । आकर्षक उपहारले उत्साह जगाउनेछ । विशेष काममा बिहानको समय अनुकूल रहने योग देखिनेछ ।

**कन्या**: तारिफयोग्य काम सम्पादन हुनाले प्रशंसकहरू बढ्नेछन् । दिउँसोदेखि काम बिग्रने भयले सताउनेछ भने न्यून उपलब्धिमा चित्त बुझाउनुपर्ला ।

**तुला**: मेहनतले प्रतिस्पर्धाको दौड जिताउन सक्छ । परिस्थितिसँग केही सम्झौता गर्नुपरे पनि अधिकार र प्रतिष्ठा जोगाउन सफल भइने योगेछ ।

**बृश्चिक**: दिगो फाइदा हुने काम सुरु हुन सक्छ । रमाइलो व्यापारिक यात्रा हुनेछ । आकर्षक उपहारले काममा उत्साह जगाउने योगछ ।

**धनु**: मिहिनेतीहरूका लागि दिन उत्साह जनक नै रहनेछ । बुद्धिको उपयोगले समस्या सुल्झाउन सकिनेछ । दिउँसोदेखि स्थिति अनुकूल बन्नेछ ।

**मकर**: प्रतिस्पर्धामा विजयी भइनेछ भने ईर्ष्या गर्नेहरूले हार खानेछन् । पराक्रमद्वारा अधिकार स्थापित हुनेछ । यात्रा गर्दा स्वास्थ्यमा ध्यान दिनुहोला ।

**कुम्भ**: आत्मविश्वासको कमीले पछि परिनेछ । बेसुरमा वचन दिने बानीले समस्या निम्त्याउनेछ । शुभचिन्तकको सुझावलाई बेवास्ता गर्दा दुख पाइनेछ ।

**मिन**: पारिवारिक जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । विभिन्न अवसर प्राप्त हुनुका साथै दैनिकीमा परिवर्तन आउनेछ ।

**हाम्रो सम्पर्क ठेगाना**
हेटौंडा-२, मानसचोक,
फोन: ०५७-५२२२३७, ०५७-५२४२३६
सम्पादक: ९८५५०६७२३६, समाचार शाखा : ९८०१०६७२३६
बिज्ञापन शाखा : ९८६५१७५१३६
Email: htd.sandesh@gmail.com
Web: ehetaudasandesh.com

## कस्ता चित्रहरूमा दर्शक आकर्षित हुन्छन्

*ज्ञानेन्द्र विवश*

कस्ता चित्रहरूले दर्शक आकर्षित हुन्छन् ? यो प्रश्न पनि हुन सक्छ । नहुन पनि सक्छ । किनभने समकालीन कलासिर्जना र तीप्रति दर्शकको आकर्षण अपत्यारिलो किसिमले विकसित हुँदै आइरहेको छ । कलापारखी दर्शकहरूको रुचि पृथक् रहेको पाइन्छ । एउटा दर्शकले अति नै मन पराएको कला अर्कोलाई मन पर्दैन ।

यस किसिमको मन पर्नु र नपर्नुका बीचको अन्तरद्वन्द्वले कलाकारहरूलाई पनि अलमलमा पार्ने गरेको छ । फलत: कलामा नवीन सोच र शैलीको कलाकर्म गर्नु जति आवश्यक छ, त्यति नै कलाप्रति दर्शकको मनोभावनाको कदर गर्नुपर्ने खाँचो पनि छ । हुन त, कुनै पनि सिर्जना दर्शक र पाठकको मागमा आधारित भई गरिँदैन । सिर्जना स्वयमले दर्शक र पाठकलाई आकर्षित गर्न सक्नुपर्छ । यति भन्दाभन्दै र यति कुरा जान्दाजान्दै पनि कतिपय सन्दर्भमा स्रष्टाहरू दर्शकमुखी र पाठकमुखी पनि हुनुपर्ने अवस्था आउन सक्छ । जस्तो कि एउटा कलाकारले आध्यात्मिक शैलीको मात्रै कलासिर्जना गर्छ । ऊ आफ्ना दर्शकको माग र मायाले यस्तै किसिमका सिर्जनामा लाग्दै आइरहेको छ ।

अब उसले आफ्नो शैलीलाई छोडेर आधुनिक शैलीका वा आध्यात्मिकभन्दा भिन्न विषयमा कलाकर्म गर्न थाल्यो भने उसका सिर्जनाप्रति परिचित दर्शकको ध्यान अब अन्यत्रै जान्छ । उसले वर्षौंदेखि बनाउँदै आइरहेको र त्यसमै आफूलाई चिनाएको कलाकारको सिर्जना त्यत्तिकै रहन्छ । र, कलाकारले आफूलाई पछिल्लो शैलीको काममा परिचय स्थापित गर्न निकै वर्ष परिश्रम गर्नुपर्ने हुन्छ ।

अत:आफ्नै किसिमको मौलिकताले स्थापित भइसकेका कलाकर्मीहरूले आफ्नो शैलीलाई छोडेर अर्कै शैली र सोचको सिर्जना गर्नु प्रत्युत्पादक हुनसक्छ । दर्शकहरूले कस्तो कला मन पराउँछन् भन्ने मानशिकताले काम गर्नु आफैंले आफ्नो खुट्टामा बञ्चरोले हान्नु जस्तै हो । हाम्रा अग्रज मूर्धन्य कलाकार तेजबहादुर चित्रकार, चन्द्रमानसिंह मास्के, लैनसिंह बाङ्देल, अमर चित्रकार, केशव दुवाडी, मनुजबाबु मिश्र, रामानन्द जोशी, मनोहरमान पुँ आदिका कलामा हामीले भिन्न किसिमका कलाको चाहना राख्नु व्यर्थ हुन्छ । जस्तो कि चरा विषयक चित्रमा प्रशिद्ध चित्रकार हिरालाल डंगोल र हेम पौडलका कलामा हामीले व्यक्तिचित्र वा दृष्यचित्रको क्यानभास-चित्र खोज्नु व्यर्थ हुन्छ ।

## कथा : एउटा प्रेमको दु:खद् अन्त्य

*तारा भट्टराई*

आन्ध्र महासागर पर क्षितिजसम्म फैलिएको छ । हिउँदभरि चिसिएका न्यूयोर्कबासी अलिकति न्यानो घाम र सफा आकास हुनासाथ बिचमा भेटिन्छन् । महिलाहरू कालो चस्मामा बिकिनी लगाएर सनस्क्रिन दल्दै बालुवामा बसि रहेका छन् । लोग्ने मानिसहरू माथिको सर्ट फुकाएर हाफ पाइन्टमा घाम तापिरहेका छन् । राम्रो मौसमको तारिफ गर्ने र प्रकृतिसँग रमाउने मानिसहरू बिनिताले सायद् अमेरिकामा मात्रै भेटेकी हो । हरेक कुरालाई दोष मात्रै थोपर्ने संस्कार हाम्रो नेपाली समाजमा मात्र व्याप्त छ ।

यहीं भिडको एउटा कुनामा बिनिता पनि कहिलेकाहीं पुग्छे र एक्लै बसेर पुराना कुराहरू सम्झेर बस्छे । कुरा सम्झने क्रममा एकदिन बिनितालाई अकस्मात् विवेकको याद आयो । उसलाई लाग्यो स्वर्गलोकमा विवेकका दिनहरू कसरी बित्दै होलान् कुन्नि ? सायद उसको हालत देखेर विवेकलाई झनै छट्पटी भएको हुनुपर्छ । बिनिताको चिन्ता ऊ आफैलाईभन्दा पनि विवेकलाई नै बढी हुन्थ्यो र सँधैं भनिरहन्थ्यो, "तँ साह्रै सोझी छेस् । मानिसहरूले फसाउँछन् । म भइन् भने कसरी गरिखान्छेस् ? "विवेकलाई सम्झना साथ बिनितालाई ती पुराना दिनहरूको याद आइहाल्छ । एकाबिहानै स्काइप र भाइबरमा म्यासेज टुङटुङ बज्थ्यो । त्यो बेला उसको अर्डिनरी मोबाइल थियो । तर, विवेककै म्यासेज र फोन आइराख्ने भएर होला त्यो फोन उसलाई कति प्यारो लाग्थ्यो ।

अहिले बिनिताको हातमा आइफोन छ, तर, दिनभरमा एउटा पनि फोन/ मेसेज नआउने भएर होला ऊसँग फोन छ कि छैन भन्ने समेत वास्ता हुँदैन । कतै कुनामा थन्किएको हुन्छ । कसैका रोमान्टिक मेसेज वा जीवनप्रति उत्साह जगाउने खालका मेसेज नआएको पनि युग भैसकेछ । सम्पर्कमा आउने मानिसहरू सम्बन्ध गर्दैनन्, व्यापार गर्छन् । दुईचार दिन मीठो कुरा गर्छन्, नाफा घाटा जोड्छन् र ऊबाट कुनै फाइदा नहुने देखेपछि आफैं साइड लाग्छन् । त्यो बेला बिनिता भर्खरै मात्र एउटा प्रेमको दु:खद् अवसान भएर आफैसँग समय बिताइरहेकी थिई । त्यसै बखत उसको विवेकसँग भेट भएको थियो । ढुङ्गालाई पनि पगालिदिने क्षमता विवेकसँग थियो ।

बिछडिएर भत्किएको बिनिताको मनलाई केही दिनमै उसले मलमपट्टी लगाइदियो । भावनात्मक समस्याहरू र कठिन परिस्थितिबाट बाहिर निकाल्यो । एकाबिहानै उठेर आँखा मिच्दै मात्रै हुन्थी । उताबाट "तिमीलाई कस्तो छ आज ? निद्रा पर्‍यो ? काममा ध्यान जान सक्यो कि सकेन ?" यस्तै विविध प्रश्नहरू गर्थ्यो । बिनितालाई कतै कुनै हावाले धकेलेर ल्याएका बादलका दुई झुप्पा पानी बर्सिनका लागि भेट भएजस्तो लाग्थ्यो । मनमा कुनै बेग्लै अनुभूति हुन थाल्यो । मन मनै लाग्थ्यो, "आहा ! कति मायालु मान्छे, ईश्वरको वरदान जस्तै गरेर फेरि एउटा अर्को मान्छे जिन्दगीमा प्रवेश गर्‍यो ।" तर फेरि अर्को मनले सोच्थी, "म आफ्नो पहिलो प्रेम एतिछिट्टै बिर्सिएर आफूले आफैंलाई शंकाको घेरामा पार्न चाहन्न ।"

बिनिता विवेकका गफमा रमाउँदै गई । विवेकका हरेक तर्कमा दम हुन्थ्यो । बिनिताका कुरा पनि खुबै सुन्थ्यो उसले । कुरा सञ्चो-बिसञ्चोबाट सुरु गर्थ्यो । साह्रो-गाह्रो परेको वा दु:खी मनले माया पिरतीका कुरा गर्न र रोमान्टिक बन्न सक्दैन भन्ने उसको निष्कर्ष थियो । केही समस्या भए पहिला त्यसको समाधानका अनेक उपाय खोजी गर्थ्यो र समाधान गरिदिन्थ्यो । मन मनै लाग्थ्यो उ पनि माया गर्न जानेको मान्छे रहेछ । दिन, साता, महिना हुँदै गए, उनीहरूको कुराकानी भईनै रहेको थियो । बिनितालाई पनि ठिकै छ कुरा गर्ने एउटा राम्रो कम्पनी भएकै त छ नि जस्तो लागिरहेको थियो । एकदिन उसले बिनितालाई एउटा लामो इमेल पठाएको थियो । कुराकानीको क्रममा धेरै पटक भन्न खोजे पनि आँट नआएर इमेल लेखेको रहेछ ।

"प्यारी बिनिता, मलाई तिमी संसारकै सुन्दरी लाग्छ । म तिमीलाई अगाध प्रेम गर्छु र तिमीसँगै जिन्दगी बिताउन चाहन्छु । यो मेरो औपचारिकरूपमा प्रस्ताव हो । म अब दुई महिनाको छुट्टीमा निक्कै टाढा एक्लै घुम्न जाँदैछु । मसँग कुनै पनि सम्पर्क हुन्न । मेरो इमेल पढेर सोच बिचार गर्नु र मलाई जवाफ गर्नु । म तिमी लाई सोचबिचार गर्न तीन महिनाको समय दिन्छु ।" कहिल्यै आफूलाई राम्री नपाएकी बिनिता त्यस इमेलपश्चात विवेकलाई सम्झिँदै निकैबेर ऐना हेरी र विवेकले गफ दिएको होला भन्ने ठानी । बिनिताले उसलाई कता कता भित्रभित्रै माया गन थालिसकेकी थिई । दुई महिना सम्पर्क नहुँदा पनि बर्षौं जस्तो लागिरहेको थियो । जति मिस गर पनि इमेलको जवाफमा भने हालै भर्खरै एउटा सम्बन्ध टुटेर अर्को अँगालिहाल्न तयार नभएकोले अलिकति समय लाग्ने कुरा लेखी ।

उसले छुट्टीबाट फर्केपछि फोन गर्‍यो । दुवैले लगभग अब सँगसँगै जिन्दगी बिताउने भन्ने कुरा पक्का गरे । विवेक आफ्नो बाँझो रहेको बगैंचामा थरीथरीका गुलाब रोपेर रङ्गीचङ्गी फुल फुलाउँथ्यो र बिनितालाई तस्बिर पठाउँथ्यो र भन्थ्यो, "बिनि, तिमी र म बगैंचामा सँगै बसेर फोटो खिच्नुपर्छ र ठुलो बनाएर बैठकको भित्तामा सजाएर राख्नुपर्छ ।" विवेकले बिनितालाई मन पर्ने खालका लौका, घिरौंला, फर्सी, करेला जस्ता तरकारीहरु फलाउँथ्यो र फोटो पठाउँथ्यो । अनि भन्थ्यो,"तिमी मेरो घरमा आउनु अगाडि नै तिमीलाई मनपर्ने तरकारीहरू काटेर मैले फ्रोजनमा राखिदिएको छु । ता कि तिमीलाई पकाउन सजिलो होस् ।" विवेकको हरेक क्रियाकलापले बिनिताको पनि मनमनै पहिलो प्रेमभन्दा दोस्रो प्रेम त झन् खास पो हुँदो रहेछ त जस्तो लागिरहेको थियो । बिस्तारै उनीहरूको प्रेमले सबै अव्यक्त कुराहरू व्यक्त गरिसकेका थिए र उनीहरूबिच अब औपचारिक जीवन मात्रै बिताउन बाँकी थियो । दुवै यसैमा जुटिरहेका थिए ।

यसैमा एकदिन विवेकले एकाबिहानै फोन गर्‍यो, "म हिजो डाक्टर कहाँ जँचाउन गएको थिएँ । मलाई डरलाग्दो रोग लागेको रिपोर्ट आयो । कम्तीमा छ महिना र बढीमा पाँच वर्ष मात्रै छ मेरो जीवन । तिमीले अब मसँग हैन अरु कसैसँग सम्बन्धको हात बढाउन थाल्नुपर्छ । भविष्यमा बिहे गरेर जीवन बिताउनु पर्छ । मलाई बिस्तारै बिर्सने कोशिस गर । सबै कुराहरूलाई माफ गरिदेऊ ।" बिनिता छाँगाबाट खसी । उसले विवेकलाई मन मुटु नै दिइसकेकी थिई । उसलाई लाग्यो जब कसैलाई दिलबाट माया गर्न थाल्छु अनि हावाको ठूलो झोक्काले किन उडाएर लान्छ होला ? अघिल्लो प्रेमले पनि मलाई एक्लै बाँच्न सिकाइरहेको थियो, तर, दोस्रो प्रेमले त झन् पीडा लुकाएर हाँस्न सिकाउन थाल्यो ।

जीवनको एउटा मोडमा बिनिताले उसलाई अर्थात् विवेकलाई भेट्टाएकी थिई र निक्कै खुसी थिई । ऊ पनि बिनिताले कल्पना गरेको सपनाको राजकुमारजस्तै थियो । पेशाले मेडिकल डाक्टर । तर, ऊ डाक्टर भए पनि फरक किसिमको थियो । सबै विषयको ज्ञाता थियो । बिनितालाई डाक्टरहरू शिक्षितभन्दा पनि टेक्निकल मानिस हुन् जस्तो लाग्छ । यस्ता टेक्निकलहरूको जति बेला जसलाई पनि आवश्यकता पर्ने भएकाले परिवारलाई समय पनि हुँदैन जस्तो लाग्छ । उसलाई अस्तव्यस्त र अस्थिर जीवनभन्दा पनि सधैँसँगै साथमा नै रहेर दु:ख सुख गरेर साधारण जीवन बिताउने मानिस नै मन पर्छ । विवेकले आफ्नो काम गर्ने समय तालिकाको बारेमा बिनितालाई बुझाइसकेको थियो । एकपटक भनेको कुरा ऊ दश वर्षपछि पनि ठ्याक्कै सम्झन्थ्यो ।

बिनिताले जीवनको अर्को मोडमा अब विवेकलाई पनि गुमाउनुपर्ने कुराले ऊ निक्कै डिस्टर्ब भई । सुरुवाती दिनमा विवेकले नै सम्झाई बुझाई काउन्सिलिङ गर्‍यो । तर, अब बिनिता विवेकसँग बिस्तारै आफैं टाढा बन्न थाली । ऊ पनि बिनिताबाट टाढिन चाहन्थ्यो । तर, सक्दैन थियो । विवेकलाई सच्चा माया छ भने तिम्रो र मेरो भेट अर्को जुनीमा हुन्छ अनि बिहे गरौंला भन्थी । ऊ बेलाबेलामा माफी मागिरहन्थ्यो । दुवैले मन मिचेरै भएपनि सम्पर्क गर्न छोडि दिएका थिए । तर, पनि जब उनीहरु एक्लै हुन्थे तब उनीहरुले दुबैले दुबैलाई धेरै मिस गरेका हुन्थे ।

## गुरू गुरू नै हुन्छ

**एकदिन एकजना शिक्षक पैसा निकाल्नको लागि ATM जाँदा ATM मेसिन खराब भएको रहेछ । तर, शिक्षकले चेकबुक पनि साथमै बोकेको हुनाले चेकबाट पैसा निकाल्न बैंकभित्र छिरेछन् ।**

**उनले १००० को चेक भरेर क्यासियरलाई दिएछन् । क्यासियरले भनेछन्, 'सर ५,००० भन्दा कम निकाल्नुभयो भने चार्ज लाग्छ ।"**

**शिक्षकले दोस्रो चेक ६,००० को भरेर दिए । क्यासियरले ६,००० शिक्षकलाई नगद दिए । अब शिक्षकले एकहजार पकेटमा राखेछन् र ५,००० डिपोजिट पेपरमा भरेर क्यासियरलाई पुन: थमाई दिएछन् ।**

**क्यासियरले आँखा तानेर हेरिरहे । अनि शिक्षकले भनेछन्, "यो जुन नियम बनाउने मानिस छ नि उसलाई ट्युसन मैले नै पढाएको थिएँ । उसलाई भन्दिनु गुरुजी आउनु भएको थियो ।**

फेसबुकबाट साभार

## कविता : गणित



✍ अमित थेबे


कति वटा जाँघ, तिघ्रा च्यात्नुपर्ने हो ?
कति वटा नाकको डाँडी बङ्ग्याउनुपर्ने हो ?
भन्नोस् कतिवटा मुटुको ढुकढुकी
रोकिएपछि शाही दाम पुग्ने हो ?
।
हाम्रो हिसाब मिलाउन
ठ्याक्कै कति वटा सिन्का भाँच्नुपर्ने हो ?
॥
तिम्रो अङ्क मिलाउन बनियाहरू छन् वरिपरि
ठेकेदारहरू छन् दायाँबायाँ कुण्डले मुण्डले
भित्री घेरामा बन्दुक बोकेका बाहिरी घेरामा
मसी लाउने माथिल्लो लाइनमा
फैसला गर्ने तल्लो लाइनमा
र, पनि तिम्रो सुपरसोनिक सिस्टमले
भेउ नपाउने गरी
हिसाब गडबड भइरहेको छ ।
॥
जुन दिनदेखि तिम्रो पाउ हाम्रो शीरमा पर्‍यो
तिम्रो नङ्ग्रा हाम्रो चोलुङमा गड्यो
त्यस दिनदेखि तिम्रो खातामा
फगत बेरुजु आइरहेको छ ।
।
थाहा छैन ठ्याक्कै कति अङ्क जोडेपछि
हिसाब मिल्ने हो सरकार !
तपाईको हिसाव मिलेपछि
सबै मिल्ने हो सरकार ?
ठ्याक्कै कति अङ्क जोडेपछि
हिसाब मिल्ने हो सरकार !
॥
तिम्रो रातो किताबमा हाम्रो स्वास थुनिएको छ
तिम्रो सेतो घरमा कालो कर्तुत लुकेको छ
तिम्रो जंङ्गी अड्डा, थाना, अदालत, छापाखाना
हामीलाई फगत अङ्क देखिराछ
॥
भन्नोस् ठ्याक्कै
कति वटा करङ भाँचिएपछि रीत पुग्ने हो ?
कति वटा फोक्सोमा प्वाल परेपछि
चित्त बुझ्ने हो ?
कतिवटा टाउको फोडेपछि चुपचाप बस्ने हो ?
कति वटा औंलाहरू भुइँभरि छर्नुपर्ने हो ?



Art By :
दिपासना थापा
कक्षा-११, हेटौंडा स्कूल अफ म्यानेजमेन्ट, हेटौंडा-४



# फिल्ममा स्वस्तिमाको १० वर्ष अब अभिनयभन्दा निर्माणमा रुचि



काठमाडौं/आगामी अगस्टमा स्वस्तिमा खड्काको फिल्म करिअरले १० वर्ष पुरा गर्दैछ । अगस्ट २१, २०१५ मा उनको पहिलो फिल्म 'होस्टेल रिटर्न्स' प्रदर्शनमा आएको थियो । प्रदर्शन तयारीमा रहेको 'वसन्त' उनको चौधौं फिल्म हो । यसबीचमा, स्वस्तिमाले 'छक्का– पञ्जा'का २ र ४ श्रृंखला, पशुपति प्रसाद २ : भस्मे डन, दिमाग खराब, चिसो मान्छे, दिमाग खराब, घामड शेरे, दुई रुपियाँ लगायतका चर्चित फिल्ममा अभिनय गरिन् ।

निर्मात्रीको रुपमा 'बेहुली फ्रम मेघौली' उनको पहिलो फिल्म हो । आगामी रिलिजको तयारीमा व्यस्त स्वस्तिमाले यसैसाता अनलाइनबरसँग पहिलो दशक र आगामी समयको बारेमा चर्चा गरिन् । उनले अबको १० वर्ष आफ्नो लागि विशेष हुने बताइन् । बितेको वर्ष सिकेको अनुभवलाई आउने वर्ष प्रयोग गर्न पाउने आशा उनले व्यक्ति गरिन् ।

भन्छिन्, 'मैले बितेको १० वर्षमा जति कुरा सिकें, अब ती अनुभवलाई आगामी १० वर्षमा प्रयोग गर्न पाउँछु होला । मेरो लागि अबको १० वर्ष विशेष हुन्छ ।'

भन्छिन्, 'कलाकारको करिअर अवधि ५/७ वर्षमात्र हुन्छ भन्छन् तर, मेरो लागि अब आउने १० वर्ष झन विशेष हुन्छ जस्तो लाग्छ ।' आफूलाई यतिबेला अभिनयभन्दा पनि निर्माणतर्फ रुचि जागेको बताउँदै उनले आगामी दिनमा निर्माताको भूमिकामा फिल्ममा काम गर्न मन लागेको बताइन् ।

आफूले फिल्म करिअर थाल्दा नेपाली फिल्मको निर्माण शैलीमा परिवर्तन सुरु भएकाले आफूलाई काम गर्न सजिलो भएको अनुभव उनको छ । 'मेरो पहिलो फिल्म जतिबेला रिलिज भयो, भाग्यवश त्यतिबेला नेपाली फिल्म परिवर्तनको क्रममा थियो । नयाँ निर्माता आइ–रहनुभएको थियो । नयाँ शैलीमा फिल्मको कथा वाचन हुन थाल्या थियो । भर्खर भर्खर 'लुट' र 'कबड्डी' रिलिज भएका थिए' उनले सम्झिइन् ।

भन्छिन्, 'त्यतिबेलादेखि मेनस्ट्रिममा कथाले डोऱ्याइने र यथार्थवादी फिल्म आउन सुरु भएको थियो । मैले त्यतिबेला पहिलो फिल्मको सुरुवात गरें । अहिले आएर खुसी लाग्छ कि म यस्तो युगमा छु कि, यस्तो खालका फिल्मलाई दर्शकले स्वीकार्नुभएको छ । बक्सअफिसमा पनि राम्रो गरिरहेको छ ।' पछिल्ला १० वर्षमा महिलाप्रधान फिल्मले राम्रो काम गरेको बताउँदै स्वस्तिमाले 'बोक्सीको घर' र 'अञ्जिला'को उदाहरण पेश गर्दै महिलाप्रधान फिल्मले राम्रो ब्यापार गरेको बताइन् । 'मैले १० वर्षअघि सुरुवात गर्दा, महिलाप्रधान फिल्म बन्नुपर्छ भन्ने चरणमा थियौं ।

# ६८ औं राष्ट्रिय सहकारी दिवस भब्यरुपमा मनाईने

हेटौडा/"मर्यादित सहकारी : सम्मुन्नत समाज" भन्ने नाराका साथ बागमती प्रदेश सहकारी तथा गरिबी निवारण मन्त्रालय, प्रदेश सहकारी बिकास बोर्डसंगको सहकार्य एवम् मकवानपुर जिल्ला सहकारी संघ र मकवानपुरका बिषयगत सहकारी संघ, संस्थाहरुको समन्वयमा ६८ औं राष्ट्रिय सहकारी दिवस विविध कार्यक्रम सहित भब्यरुपमा मनाईने भएको छ । ६८ औं राष्ट्रिय सहकारी दिवस मूल समारोह समितिको बैठकले बागमती प्रदेश स्तरमा सहकारी दिवस मनाउनको लागि चैत्र १४ गते देखि सप्ताहब्यापी विभिन्न कार्यक्रम तय गरेकोछ ।

यस अघि नै ६८ औं राष्ट्रिय सहकारी दिवस मनाउन बागमती प्रदेश सहकारी विकास बोर्डका उपाध्यक्ष नारायणप्रसाद देवकोटाको संयोज–कत्वमा मूल समारोह समिति गठन भईसकेको छ । समितिले बागमती प्रदेशभरका सहकारी संघ संस्थाहरुले सहकारी दिवसलाई प्रभावकारी रुपले सञ्चालन गर्न निर्देशन समेत दिएको छ । सहकारी दिवसको अवसरमा बागमती प्रदेशको राजधानी हेटौडामा मूल कार्यक्रम हुनेछ भने प्रदेशका सबै जिल्ला र पालिका तहमा विविध कार्यक्रमसहित सहकारी दिवस मनाईने मूल समारोह समिति संयोजक देवकोटाले बताए ।

मूल समारोह समितिको कार्यक्रम अन्तरगत १४ गते प्रदेश भर का सबै सहकारी संघ/संस्थाको कार्यालयमा ६८ औं सहकारी दिवसको नारा सहितको ब्यानर राख्ने, कार्यक्रम अन्तरगत १८ गते सोमबार 'ऋण लगानी, असुली र कानून कार्यान्वयनमा समस्या' बिषयमा सहकारी संस्थाका अध्यक्ष र ब्यवस्थापकहरुसँग अन्तरक्रिया कार्यक्रम गर्ने १९ गते बिहान ७ बजेदेखि हेटौंडाको बुद्धचोकमा र क्तदान कार्यक्रम आयोजना गर्ने र २० गते बिहान ७:०० बजे हेटौंडा १ चौकीटोलको रोपवे चौरबाट प्रभातफेरी सुरु भई रोयल प्यालेस हेटौंडामा प्रवचन, पुरस्कार तथा सम्मान वितरण गरिने र साँझ बागमती प्रदेश भरका सहकारी संघ संस्थाहरुले दिपावली गरी सहकारी दिवस समापन गरिने मूल समारोह समितिका कार्यालय सचिव गोबिन्द दहालले बताए ।

सचिवालयले सप्ताह अवधिमा बागमती प्रदेश भरका सहकारी संस्थाहरुले सञ्चालन गर्ने सहकारी दिवस लक्षित कार्यक्रमहरुको जानकारी सहकारी दिवस मूल समारोहको सचिवालयमा उपलब्ध गराउन अनुरोध गरेको छ । र उक्त कार्यक्रम–हरुलाई समेत मूल समारोह समितिको कार्यक्रममा समावेश गरिने जानकारी कार्यालय सचिव दहालले बताए । बि.सं. २०१३ साल चैत्र २० गते चितवनमा बखान ऋण सहकारीको स्थापना भएको दिनलाई आधार मानी हरेक बर्ष चैत्र २० गते राष्ट्रिय सहकारी दिवस मानाईदै आएको छ ।

# गर्भपातपछि फेरि महिनावारी सुरु हुन कति समय लाग्छ ?



गर्भपात महिलाहरूका लागि एक कठिन समय हो । यो समयमा महिलाहरू शारीरिक र मानसिक दुवै समस्याबाट पीडित हुन्छन् । गर्भपातपछि शरीरमा केही हर्मोनल परिवर्तन आउँछ । हर्मोनल परिवर्तनका कारण महिलाको भावनात्मक स्वास्थ्यमा पनि परि वर्तन हुन्छ ।

यस्तोमा धेरै ख्याल राख्ने र हेरचाहको जरुरी हुन्छ । गर्भपातका कारण माहिनावारीको चक्रमा असर गर्छ । महिनावारी नियमित हुनका लागि केही समय लाग्न सक्छ । गर्भपातपछि कति समय लाग्छ त महिनावारी सुरु हुन ? गर्भपातपछि कति समयपछि महिनावारी सुरु हुन्छ भनेर ठ्याक्कै भन्न कठिन हुन्छ । महिलाअनुसार समय फरक-फरक हुनसक्छ । हर्मोनको असन्तुलन, महिलाको स्वास्थ्य अवस्था जस्ता कुराले यसमा भूमिका खेलेको हुन्छ ।

धेरैजसो केसमा ४ देखि ६ हप्तापछि महिनावारी सुरु हुन्छ । कोही महिलामा भने गर्भपात भएको लामो समयसम्म महिनावारी सुरु नहुनसक्छ । गर्भअवस्थामा कुनै जटिल समस्या भएको खण्डमा वा गर्भवती भएको पछिल्लो महिनातिर गर्भपात भएको खण्डमा महिनावारी सुरु हुन लामो समय लाग्न सक्छ ।

*हर्मोन नियमित हुनका लागि समय लाग्छ :*

गर्भपातपछि महिलाको शरीरमा हर्मोन नियमित हुनका लागि समय लाग्न सक्छ । गर्भावस्थामा महिलाको शरीरमा 'ह्युमन कोरियोनिक गोनाडो– ट्रोपिन' हर्मोन उत्पादन भएको हुन्छ । यसलाई 'प्रेग्नेन्सी हर्मोन' पनि भनिन्छ । फेरि महिनावारी सुरु हुनका लागि शरीरमा यो हर्मोनको मात्रा शून्यमा झर्नुपर्छ । गर्भपात अपूरो छ वा यसमा यदि डी एण्ड सी(डाइलेसन एण्ड क्युरेटेज) जस्ता चिकित्सकीय सहायता आवश्यक भएको खण्डमा महिनावारी सुरु हुनका लागि लामो समयको उपचार आवश्यक हुनसक्छ ।

जब गर्भपातपछि महिनावारी सुरु हुन्छ, त्यो समान्य अवस्थाको भन्दा फरक हुन पनि सक्छ । कोही महिलामा धेरै रगत बग्ने समस्या देखिन सक्छ । कोही महिलालाई तल्लो पेट धेरै दुख्ने समस्या हुन पनि सक्छ । शारीरिक र मानसिक समस्याका कारण महिनावारी अनियमित हुने समस्या पनि देखिन सक्छ ।

*यी कुरामा ध्यान दिनुपर्छ*

-यदि गर्भपात भएको ८ हप्तासम्म पनि महिनावारी सुरु नभएको खण्डमा यो कुनै संक्रमणको कारण बन्न सक्छ ।

-गर्भपातपछि ज्वरो आउने, गन्ध आउने वा धेरै दुखाइ जस्ता लक्षण भएमा ढिलो नगरी चिकित्सकको सल्लाह लिने र स्वास्थ्य संस्था जानुपर्छ ।

-गर्भपातपछि तुरुन्तै फेरि गर्भधारण गर्नु हुँदैन । शरीरलाई समान्य अवस्थामा फर्कन दिनुपर्छ ।

# 'सतीदेवी' युकेको लिफ्ट अफ फिल्ममेकर अवार्डमा छनोट



काठमाडौं/नेपाली फिल्म 'सतीदेवी' युकेको लिफ्ट अफ फिल्ममेकर सेसन भोलुम ३' अवार्डमा छनोट भएको छ । अप्रिल ७ मा आयोजना हुने अवार्ड फिल्म प्रदर्शन समेत हुनेछ । केही दिन अगाडि काठमाडौंमा आयोजित आठौं नेपाल अन्तर्राष्ट्रिय चलचित्र महोत्सव (निफ) मा मोस्ट पपुलर फिचर फिल्म अडियन्स च्वाइस अवार्ड समेत जितेको थियो । फिल्मका निर्देशक लक्ष्मण सुवेदी हुन् ।

नेपाल चलचित्र बिकास बोर्डले बाडेको राष्ट्रिय चलचित्र पुरस्कारमा विशेष चलचित्र पुरस्कार जित्न सफल 'सतीदेवी' गत भदौमा प्रदर्शनमा आएको थियो । फिल्म फेरि प्रदर्शनमा आउने तयारीमा छ ।

लक्ष्मण सुवेदी निर्देशित फिल्म महिलाको कथामा बनेको फिल्म हो । फिल्ममा मलिका महत, हर्षिका वली, मञ्जिला बानियाँ, सन्दीपबाबु लोहनी, रमेश बुढाथोकी, कुलदीप अधिकारी, भोला सापकोटा, सृजना अधिकारी, सुजिता शिवाकोटी, सन्देश लिम्बू, मनिषा सापकोटालगायतको अभिनय छ । निर्देशक सुवेदी स्वयंको निर्माण, लेखन र गीत समेत रहेको फिल्ममा बाबु श्रेष्ठको छायाङ्कन छ । फिल्मका निर्माता श्रीदेवी सुवेदी हुन् ।

# ६ हानि, शौचालयमा बसेर मोबाइल चलाउँदा के हुन्छ ?



के तपाई शौचालय जाँदा मोबाइल फोन बोक्नुहुन्छ ? सम्भवत यसको जवाफ 'बोक्छु' भन्ने आउन सक्छ । किनभने शौचालय जाँदा मोबाइल बोक्ने आम प्रचलन जस्तै भइसकेको छ । यस्तो लाग्छ, मानौं मोबाइल भएन भने शौच नै हुँदैन । यसरी शौचालयमा मोबाइल लिएर बस्दा के-के हुन्छ ? यसले जनस्वास्थ्यमा पार्ने प्रभावबारे एक अध्ययन भएको छ ।

हालैको सर्वेक्षण अनुसार एक सातामा मान्छेले ३ घण्टा समय बिताउँछन् । यो सर्वेक्षण बेलायतमा भएको हो । जब कि शौचालयमा दैनिक धेरैमा १० देखि पन्ध्र मिनेट बिताउनुपर्ने विज्ञहरूको सुझाव छ । यता अमेरिकामा ७५ प्रतिशत भन्दा बढी मान्छे मोबाइल नलगी शौच गर्न जाँदैनन् । अमेरिका र बेलायतमा मात्र होइन, मोबाइलको सहज पहुँच भएका सबै देशको हालत उस्तै छ ।

*मोबाइल लिएर शौचालयमा लामो समय बस्दा के के हुन्छ ?*

*१. किटाणुका लागि फोन मैदान जस्तै हो*

हानिकारक किटाणु र जीवाणुका लागि फोन मैदानजत्तिकै सहज स्थान बन्न सक्छ । फोनमा पहिला बस्छन्, जसबाट हातमा सर्छन् । हातबाट गोप्य अंगसम्म किटाणु फैलिन्छन् । फोनले शौचालयको जुनसुकै कुनाको किटाणु पनि बोक्न सक्छ । चाहे त्यो हात धुँदा होस् वा फल्स गर्दा, साइडमा राख्दा होस् । हात र अनुहारमार्फत शरीरमा प्रवेश गर्न सक्छन्, जसले संक्रमणको जोखिम बढाउँछ ।

अध्ययनहरूले के देखाएको छ भने-सुपरबग एमआरएसए ( एन्टीबायोटिक रेजिस्टेन्स स्टाफाइलोकोकुस)लाई बोक्ने माध्यम मोबाइल नै हो ।यसको मतलब शौचालय मोबाइल चलाउने व्यक्ति पटक-पटक बिरामी भइरहन सक्छन् ।

*२. पायल्स जस्ता मलद्धार सम्बन्धी समस्या हुनसक्छ*

शौचालयमा १५ मिनेट बस्नु सामान्य हो । यद्यपि, अनावश्यक अत्याधिक समय मोबाइल चलाउँदै शौच गर्दा मलद्धार सम्बन्धी समस्या हुनसक्छ । किनकी, मोबाइल हेरेको सुरमा जोर लगाएर शौचका लागि बल गर्दा मलद्धारको मासु च्यातिन सक्छ । पायल्स हुनुमा मुख्य कारण बाथरुमको सिटमा बस्ने समय बढेको कारणलाई मानिन्छ ।

*3. आराम वास्तवमै पाइँदैन*

शौचालय भनेको पेटको विकार हटाएर आनन्द लिने ठाउँ पनि हो । ट्वाइलेटजस्तो ठाउँमा पनि मोबाइल चलाउँदा दिमागले विश्राम लिन पाउँदैन। सामाजिक सञ्जाल वा अन्य कुरामा अल्झिँदा तनाव वा चिन्ता बढ्न सक्छ । मोबाइल हेरिरहँदा मस्तिष्कलाई तनावजोनमा मात्र लग्दैन । यसले अन्य क्रियाकलाप वा काममा लाग्नबाट पनि अल्मल्याउँछ । यदि शरीरलाई आराम दिन चाहनुहुन्छ भने मोबाइल नलिई शौचालय जानुहोस् । यसले शरीर सुचारु हुन्छ । जसले दिमागलाई पनि केही कुराको बिनाअवरोध सक्रिय पार्न मद्दत गर्छ ।

*४. समयको बर्बादी*

मोबाइल बोकेर ट्वाइलेटमा बस्दा मानिसहरूले आवश्यकभन्दा बढी समय बिताउँछन्, जुन अनुत्पादक हुन्छ । यसले दैनिक कामको तालिकामा पनि असर पार्न सक्छ । फ्लोरिडा विश्वविद्यालयले गरेको अध्ययन अनुसार व्यक्तिको दिनको ९० मिनेट समय मोबाइल स्क्रोलिङ गरेर मात्र बित्छ । त्यो समय भनेको जीवनको ३.९ वर्ष हो । यसको मतलब फोनले हामीलाई हाम्रो काम र दैनिक क्रियाकलापबाट टाढा लगिरहेको छ । अध्ययन अनुसार कामदार–हरूको साताको ५ घण्टा फोनले त्यसै तानिरहेको छ ।

*५. लत बस्छ*

यसरी शौचालयमा समेत फोन लाने बानी बसेमा लत लाग्छ । एकछिन मोबाइल हातमा भएन भने एन्जाइटी नै बनाउन सक्छ । कयौं लत डोपामाइन हर्मोन स्राबसँग सम्बन्धित छन् । फोनको लत पनि त्यस्तै लत मध्ये एक हो । मोबाइल प्रयोगकर्ता यसबाटै अरुसँग अन्तक्रिया गर्दा रमाउँछ । यसमै रमाउन पाए अरु आवश्यक कामलाई वास्ता गर्दैन । मोबाइलको लतले एन्जाइटी, डिप्रेसन र आत्मबल कमजोर बनाउँछ ।

*६. उपकरणको हानि*

मोबाइल शौचालय लाने बानीले गर्दा त्यो लामो समय नटिक्ने डर हुन्छ । ट्वाइलेटमा खस्ने वा पानीले भिज्ने सम्भावना हुन्छ, जसले उपकरणलाई नै क्षति पुऱ्याउन सक्छ ।

# परीक्षाको बेला आन्दोलनै आन्दोलन, जिम्मेवार हुन शिक्षा मन्त्रालयको अनुरोध




काठमाडौं/माध्यमिक शिक्षा परीक्षा (एसईई) ७ चैतदेखि चलिरहेको छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका अनुसार अन्य कक्षाको वार्षिक परीक्षा पनि चलिरहेको छ । 'सबै कक्षाको वार्षिक परीक्षाको महिना हो । शैक्षिक सत्रको अन्तिम महिनामा छौं । परीक्षा र नतिजा सार्वजनिक गर्ने महिना हो', शिक्षा मन्त्रालयका प्रवक्ता शिवकुमार सापकोटाले भने ।

तर, विभिन्न समूहले आन्दोलन घोषणा गरेका छन् । यसले विद्यार्थीको परीक्षामा प्रभावित पर्न सक्ने भन्दै अभिभावक चिन्तित भएका छन् । विद्यालय तहमा करिब ७० लाख बालबालिका अध्ययनरत छन् । विद्यार्थीको परीक्षाको समयमा भइ रहेको आन्दोलनले गम्भीर बनाएको मन्त्रालयले जनाएको छ । 'विद्यार्थीको भविष्य बनाउने समय हो ।

परीक्षा छुटेमा फेरि विद्यार्थीले जाँच दिन पाउने व्यवस्था छैन । एक वर्ष लस हुन्छ', प्रवक्ता सापकोटाले भने, 'परीक्षाको समयमा सबै जिम्मेवार र सजग भएर प्रस्तुत हुनुहुन्छ भन्ने अपेक्षा छ ।'

मन्त्रालयले विद्यार्थीको परीक्षा प्रभावित हुनेगरी कुनै गतिविधि नहुने अपेक्षा लिएको छ । काठमाडौंमा आज गणतन्त्रवादी र राजतन्त्रवादीको छुट्टाछुट्टै प्रदर्शन छ । यद्यपि, एसईईका कारण १२ बजेपछि मात्र प्रदर्शन गर्ने निर्णय गरेको छ । आन्दोलनका कारण केही विद्यालय बन्द समेत गरिएको छ । आन्दोलन हुने क्षेत्रका केही निजी विद्यालयले सूचना निकालेर बन्द हुने जनाएका छन् ।

काठमाडौंका प्रिमियर, पाठशाला, मिल्सबेरी, ह्वाइटहाउस लगायतका स्कुलले दिउँसोको पठनपाठन बन्द हुने सूचना अभिभावकसमक्ष पठाएका छन् । प्रदर्शनका कारण सवारी आवागमन र सुरक्षामा समेत असर पर्नसक्ने भन्दै केही विद्यालयहरूले बन्द गर्ने निर्णय गरेका हुन् ।

तर, प्याब्सन र एनप्याब्सनले भने आधिकारिक रूपमा शैक्षिक संस्था बन्दको कुनै निर्णय नभएको जनाएका छन् । सरकारले परीक्षाको लागि सुरक्षा व्यवस्था गरेको जनाएको छ । शिक्षा मन्त्री विद्या भट्टराईले गृह मन्त्रालय र शिक्षा मन्त्रालयले समन्वय गरेर सुरक्षाको व्यवस्था मिलाएको बताएकी छिन् । 'गृहसँग कुरा गरेका छौं । सुरक्षाको वयवस्था मिलाएको छ । विद्यार्थीले ढुक्कसँग परीक्षा दिने वातावरण सबैले बनाउनु पर्छ', उनले भनिन् ।

## औद्योगिक क्षेत्रको लोडसेडिङ पनि हट्यो

# अब सबै क्षेत्रमा चौबिसै घण्टा बिजुली

काठमाडौं/नेपाल विद्युत् प्राधिकरणले औद्योगिक क्षेत्रको लोड–सेडिङ पनि हटाएको छ । अब सबै प्रकारका ग्राहकहरुकहाँ चौबिसै घण्टा विद्युत् आपूर्ति गरिने प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यले अनलाइनखबरलाई बताए ।

भारतले १५ मार्चदेखि सन्आवर अर्थात् बिहान ६ बजेदेखि अपराह्न ५ बजेसम्म मात्रै बिजुली आयात गर्न दिन थालेपछि प्राधिकरणले दैनिक १२ घन्टासम्म लोडसेडिङ गर्दै आएको थियो । स्थानविशेष अनुसार ६ घन्टादेखि १२ घन्टासम्म लोडसेडिङ हुँदै आएकोमा अब पूर्णरुपमा औद्योगिक लोडसेडिङ हटाइएको शाक्यले बताए ।

तर, औद्योगिक क्षेत्रका ग्राहकहरुलाई बेलुका पाँच बजेदेखि राति साढे १० बजेसम्म (पिक आवर)मा भने 'लाइट लोड'मा उद्योग चलाउन अनुरोध गरिएको उनले बताए । यो भनेको त्यो अवधिमा उद्योगहरु पूर्ण रुपमा चल्ने नभई अत्यावश्यक मेसिनहरु बन्द हुन नदिन मात्रै विद्युत उपभोग गर्नुपर्ने छ । 'यसअघि अघोषित लोडसेडिङ हुँदै आएकोमा अब सारभूतरुपमा यो हटेको छ,' शाक्यले सञ्चारकर्मीलाई जानकारी दिए ।

भारतले दिउँसो मात्रै विद्युत् दिन थालेपछि पूर्वक्षेत्रका औद्योगिक ग्रिडमा १२ घण्टासम्म अघोषित लोडसेडिङ हुँदै आएको थियो, जसले गर्दा उत्पादन ७० प्रतिशतसम्म कटौती गर्नु परेको निजी क्षेत्रको दाबी छ । अघोषित लोडसेडिङको मारमा परेका कतिपय उद्योगहरू वैकल्पिक व्यवस्था गरेर उद्योगधन्दा चलाउन बाध्य छन् ।

भारतले नेपाललाई हाल उपलब्ध गराउँदै आएको विद्युत् आयात अवधि थप पाँच घण्टा बढाउन सहमत भएको छ । अगामी १ अप्रिलदेखि अब राति ११ देखि बिहान ४ बजेसम्म




६ सय मेगावाट विद्युत् आयात हुने ऊर्जा मन्त्रालयका अधिकारीहरुको भनाइ छ । यसरी रातको समयमा ६ सय मेगावाट विद्युत् आयात गर्न पाउँदा अर्धजलासययुक्त आयोजना–हरुको जलासय भरेर पिकआवरमा चलाउने गरी लोड व्यवस्थापन गरिएको प्राधिकरणको भनाइ छ ।

भारतले थप बिजुली उपलब्ध गराउनुका अतिरिक्त हिमालको हिउँ पग्लेर नदीमा पानीको वहाव बढेकाले पनि उत्पादन बढ्न थालेको शाक्यको भनाइ छ । 'विस्तारै अब नेपालभित्रै उत्पादन पनि बढ्नेछ,' उनले भने । यसअघि ३ अक्टोबरमा भारतसँग भएको सम्झौताअनुसार २३० मेगावाट विद्युत निरन्तर दिने विषयमा पनि भारतको एनभीभीएन लिमिटेडले सकारात्मक प्रतिक्रिया दिएको प्राधिकरणको भनाइ छ । 'यसअघि प्राधिकरणबाट फलोअप नभएका कारण फेब्रुअरीदेखि मे महिनासम्म भारतले ७ रुपैयाँ ५ पैसा भारुमा नेपाललाई २४ सै घन्टा दिने भनेर सम्झौता गरेको विद्युत उनीहरुले अरुलाई नै बेचेका रहेछन् । परराष्ट्रमन्त्रीज्यूको भारत भ्रमणकमा अवसरमा उहाँले त्यो विद्युत हामीलाई दिनुपर्ने कुरा राख्नुभएको थियो । सोअनुसार विद्युत उपलब्ध गराउन हामीले एनभीभीएनलाई बिहीवार पत्राचार गरेका छौं,' शाक्यले भने ।

प्राधिकरणले पत्राचार गरेपछि उनीहरुले अन्य उत्पादकबाट विद्युत लिएर नेपाललाई उपलब्ध गराउने प्रकृया शुरु गरिसकेको जानकारी दिएको शाक्यले बताए । यसबाहेक पनि पिक आवरबाहेक अन्य समयमा बिहार र उत्तर प्रदेशबाट नेपालले दैनिक ३ सय ५० मेगावाटसम्म विद्युत आयात गर्दै आएको छ । तर त्यो विद्युत महँगो भएको एवम् जति लिएको हो त्यसको मात्रै महसुल बझाए हुने भएकाले अति आवश्यक भएको बेला मात्रै आयात हुने गरेको छ ।

# सरकारीमा पीजी भर्ना प्रक्रिया अगाडि बढ्यो, निजीको म्याचिङ नै रोकियो

काठमाडौं/स्नातकोत्तर तहमा चिकित्सा शिक्षा (पीजी) अध्ययनका लागि सरकारी मेडिकल कलेजको मात्रै 'म्याचिङ' सूची प्रकाशित गरेको छ । निजी मेडिकल कलेजले चिकित्सा शिक्षा स्नातकोत्तर तहका अध्ययनरत विद्यार्थीलाई नेपाल सरकारको ८औं तहका अधिकृत सरहको तलब दिन अस्वीकार गरेपछि आयोगले सरकारी मेडिकल कलेजलाई मात्र समावेश गरी म्याचिङको सूचना प्रकाशित भएको हो ।

आयोगले आगामी शैक्षिक सत्रका लागि सरकारी मेडिकल कलेजमा १२६८ सिट तोकिएको छ । यस्तै निजी मेडिकल कलेजको ८१८ सिट तोकिएको छ । आयोगले मेरिट लिस्टअनुसार सरकारी स्वामित्वमा रहेका प्रतिष्ठान तथा कलेजमा म्याचिङसहित भर्ना सूची प्रकाशन गरिरहेको छ ।

सरकारले सरकारी स्वामित्वमा रहेका प्रतिष्ठान तथा कलेज पीजी निःशुल्क पढाउने गरेको छ । 'केही दिन अगाडि विदेशी र सरकारी कर्मचारी–को सिट म्याचिङ भइसकेको छ ।

# 'जन्ते बाख्रो' जेठमा रिलिज हुने






काठमाडौं/फिल्म 'जन्ते बाख्रो' को फस्टलुक सार्वजनिक गर्दै प्रदर्शन मिति तय भएको छ । फिल्म २३ जेठबाट रिलिज हुनेछ । यो मितिमा अहिलेसम्म अन्य कुनै पनि सिनेमाले प्रदर्शन मिति घोषणा गरेका छैनन् । फिल्ममा सौगात मल्ल, आशिफ शाह र अभिनेत्री गरिमा शर्माको मुख्य भूमिकामा छन् ।

हिमालको काखमा सेटअप गरिएको पोस्टरमा आशिफ र गरिमालाई रोमान्टिक अवतारमा प्रस्तुत हुँदा सौगातले निराश भावमा उनीहरूलाई हेरिरहेका छन् । उनीहरूको बीचमा चस्मा लगाएको बाखोलाई देखाइएको छ । निर्माण टिमले यसलाई बेहुली भित्र्याउने दिन जन्तीलाई खुवाइने भोजलाई जन्ते बाखो रूपमा चित्रण गर्न खोजेको बुझिन्छ । सिनेमाको कथावस्तु यसैको वरिपरि आधारित रहको छ ।

सिमोस सुनुवारको निर्देशित फिल्ममा सौगात, आशिफ र गरिमासँगै रमा थपलिया, लोकेन्द्र लेखक, कमल देवकोटा, विशाल पहाडी, रुशा न्यौपाने, कुसुम शर्मा, स्नेहा जोशी, समापिका गौतम, कुशल गजमेर लगायतका कलाकारहरूको अभिनय छ । मुइन इन्टरटेनमेन्टको प्रस्तुति रहने 'जन्ते बाख्रो' सामाजिक कमेडी कथावस्तुमा निर्माण भएको छ । प्रदीप भारद्वाजको कथा, पटकथा र संवाद लेखन रहेको सिनेमाको निर्माता सन्तोष गौतम हुन् ।

सिनेमा हरि हुँमागाईंको डिओपी, उत्तम हुँमागाईंको सिनेमाटोग्राफी, सुनील शिवभक्तिको सम्पादन र रोयल भीमसेन (ट्राइडेन्ट कन्सेप्ट टिम) को पोस्टर डिजाइन रहेको छ ।




ड्राइभिङ्ग सिक्ने हैन त ?

हामी सिकाउँछौं तपाईलाई साइकलदेखि जेसीबीसम्म

हामी आएका छौं काठमाडौंदेखि हेटौंडासम्म तपाईहरुलाई कुनै पनि सवारी साधनको लाइसेन्स लिन सक्ने दक्ष बनाएर ग्यारेण्टी सहित सिकाएर हामी सवारी साधन र यस सम्बन्धि सम्पूर्ण पार्टपुर्जाको जानकारी सहित आफ्नै ट्रायलसेन्टरमा छिटो, छरितो र सस्तोमा तालिम दिँदै रोडटेष्ट गरिन्छ ।

यहाँ अनलाइन फर्म पनि भरिन्छ ।

के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र

हेटौंडा-४, सितलमहल ओम्याक्स हल अगाडी

सम्पर्क: ९८१७२८४६१४, ९८४५१७९४१५, ९८४५६२३५६९

*"कि जितिन्छ, कि बितिन्छ"*

# चैत २० गतेबाट २ लाख शिक्षक सडकमा

काठमाडौं/नेपाल शिक्षक महासंघले चैत २० गतेबाट २ लाख शिक्षक सडकमा उतार्ने भएको छ। विद्यालय शिक्षा ऐन ल्याउनुपर्ने एकसूत्रीय माग राखी आन्दोलन घोषणा गरिएको हो।

हाल शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा अनसनरत् शिक्षकले सरकारले मागको सुनुवाइ नगरेका कारण देशभरका शिक्षक राजधानी केन्द्रित आन्दोलनमा सहभागी हुन सर्कुलर जारी गरेको हो। महासंघ महासचिव तुलाबहादुर थापाले ४ लाख शिक्षकमध्ये २ लाखलाई जिल्ला र २ लाख राजधानी केन्द्रित आन्दोलनमा सहभागी हुन निर्देशन जारी गरेको जानकारी दिए। आन्दोलनका क्रममा पर्ने आर्थिक व्यवस्थापन स्वयम् शिक्षकले गर्ने गरी आन्दोलनमा सहभागी हुन निर्देशन दिइएको हो। एक शिक्षकबापत् एक सय रुपियाँ संकलन गर्न निर्देशन दिइएको छ। उक्त र कममध्ये ५० रुपियाँ जिल्ला र ५० रुपियाँ केन्द्रमा जम्मा गर्नुपर्ने व्यवस्था छ।

यसअघि महासंघले २०८० असोज ३ बाट 'काठमाडौं जाऔं' आन्दोलन शुरु गरेको थियो। त्यस बेला सरकार र महासंघबीच सम्झौता भएर आन्दोलन स्थगित भएको हो। अबको आन्दोलन अन्तिम हुने गरी तयारी गरेको महासंघले जनाएको छ। महासचिव थापाले भने–शिक्षा ऐन जारी नगरेसम्म आन्दोलन रोक्ने छैनौं। आवश्यकताका आधारमा थप शिक्षकलाई राजधानीमा बोलाउनेछौं। अघिल्लो वर्ष साउन २८ बाट आन्दोलन शुरु भएको थियो। त्यसको ३ महिनापछि अन्तिम आन्दोलनका रुपमा सडक आन्दोलन घोषणा गर्दै सरकारसँग सम्झौता गरिएको थियो।

'अब गत वर्षको भन्दा फरक र निर्णायिक आन्दोलन गर्नेछौं, हाम्रो आन्दोलनलाई कसैले रोक्न सक्दैन,' महासचिव थापाले भने। महासंघले आन्दोलनका लागि शिक्षक र कर्मचारीलाई सात बुँदे सर्कुलर जारी गरेको छ। आन्दोलन अवधिभर एसईईलगायतका कुनै पनि परीक्षाका उत्तरपुस्तिका परीक्षण, संपरीक्षण नगर्न तथा नगराउन भनिएको छ।

शिक्षा मन्त्रालयलगायत निकायले आयोजना गर्ने कार्यक्रममा समेत सहभागी नहुन भनेको छ। हरेक जिल्लाले २०८० सालको वार्षिक सदस्यता शुल्क प्रतिशिक्षक २ सय ५० रुपियाँ प्राप्त गरी प्रतिसदस्य ५० रुपियाँ केन्द्रको खातामा पठाउनसमेत सर्कुलर जारी गरिसकेको छ।

सरकारले भने ऐन बन्ने प्रक्रियामा रहेकाले आन्दोलन स्थगित गर्न आग्रह गरेको छ। तर, महासंघले भने ऐन जारी नहुँदासम्म घर नफर्किने अडान लिएको छ। राजावादी र गणतन्त्रबादीबीच आन्दोलन भइरहेको समयमा शिक्षकले आन्दोलन गर्नु उचित नहुने धारणा केही शिक्षकको छ। तर, महासचिव थापाले भने आफूहरु र उनीहरुबीच कुनै सम्बन्ध नभएको टिप्पणी गर्दै आन्दोलन जारी रहने जिकिर गरे।

यसअघि गत साता संसद्मा विचाराधीन विद्यालय शिक्षा विधेयकमा सहमति जुटाउन भन्दै संसदीय समितिले उपसमिति गठन गरेको छ। प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको बैठकले एमाले सांसद् छविलाल बिश्वकर्माको अध्यक्षतामा ११ सदस्यीय उपसमिति गठन गरिएको हो। विधेयकमा देखिएका विवादबारे सरोकारवालासँग आवश्यक छलफल, परामर्श एवम् अप्ठ्यारो परेका विषयमा समितिसँग परामर्श गर्दै ३५ दिनभित्र प्रतिवेदन बुझाउन उपसमितिलाई अवधि तोकिएको छ। अन्य आवश्यक कार्यविधि आवश्यकताअनुसार उपसमितिले आफैं तय गर्ने गरी बैठकले म्यान्डेड दिएको समितिका सचिव दशरथ धमलाले जानकारी दिए।

उपसमितिमा पूर्वशिक्षा मन्त्री समुना श्रेष्ठ र देवेन्द्र पौडेल, सदस्यमा सरिता भुसाल, रेखा शर्मा, डिगबहादुर लिम्बु, महेन्द्रकुमार राय, रामप्रसाद चौधरी, बिना जैसवाल र विनिताकुमारी सिंह छन्। समितिले प्रतिवेदन बुझाएपछि आन्दोलनको कार्यक्रम गर्नु उचित हुने राय अधिकांशको छ। तर, महासंघले घोषित आन्दोलन फिर्ता नहुने जनाएको छ। महासंघले यस अधिवेशनबाट विद्यालय शिक्षा ऐन जारी गर्नुपर्ने अडान दोहोऱ्याएको छ। शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले आफ्नो कार्यकालमा शिक्षा ऐन ल्याएरै छाड्ने प्रतिबद्धता जनाएकी थिइन्। मन्त्रीले भनेजस्तो सजिलै ऐन आउन अवस्था देखिँदैन। तर, महासंघले ऐन पारित गराउन कडा आन्दोलन गर्ने चेतावनी दिएको छ। महासंघले आन्दोलनको नारा 'कि जितिन्छ, कि बितिन्छ' राखेको छ।


## खाना पकाउने ग्याँस प्रयोगमा सावधानी अपनाऔं।

* सलाई, लाइटरजस्ता प्रज्वलनशील सामग्री बालबालिकाले भेट्ने गरी नराखौं,
* ग्याँस बालेर भान्साकोठा छाडेर नजाऔं,
* ग्याँस सिलिण्डरलाई सकेसम्म भान्सा कोठाभन्दा बाहिर राखौं,
* प्रयोग मिति यकीन गरेर मात्र ग्याँस सिलिण्डर खरिद गरौं,
* ग्याँस सिलिण्डरको पाइप समय–समयमा जाँच गरौं,
* आवश्यकताभन्दा बढी ग्याँस सिलिण्डर सञ्चय नगरौं,
* कुनै खराबी वा टुटफूट भए तुरुन्त मर्मत गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


# आज घोडेजात्रा, घोडाप्रति सम्मान

✍ सन्देश संवाददाता



हेटौंडा/आज घोडेजात्रा। घोडाप्रतिको सम्मान त हुँदै हो तर यो घोडादौड नभएर जात्रा भएकाले धार्मिक र साँस्कृतिक मान्यतासँग पनि यसको सम्बन्ध छ। पिशाच चतुर्दशीको भोलिपल्ट औंसी तिथिमा मनाइने यस पर्व भएकाले यसले तान्त्रिक मान्यतालाई आत्मसात् गरेको पाइन्छ।

किनकि, घोडा दौडाएर पिशाच, दुष्टात्मा भगाउने कार्य र विश्वासलाई मल्लकालको बढ्दो तान्त्रिक विधाको प्रभावसँग जोडेर हेर्दा पनि पुष्टि हुन आउँछ। हाम्रो देशको सँस्कृतिको एक प्रमुख अंगका रुपमा नेपालका विभिन्न चाडपर्वलाई पनि लिइएका छन्। ती चाडपर्वलाई सम्पूर्ण नेपालीले खुला हृदयले मिलोमतो गरी भाग लिने गर्छन्। यस चाड चैत्र कृष्ण औंसीका दिनमा पर्छ। यस वर्षको यही चैत १६ गते परेको छ। यसलाई पिशाच चतुर्दशी पनि भन्छन्।

यस दिन टुँडीखेलमा घोडा दगुराउने जात्राका साथै अन्य विभिन्न देवीदेवताका रथयात्रा पनि हुन्छ। घोडेजात्रा नेवार समुदायको एउटा ठूलो चाड हो। यस दिन भगवान् शिवजीको धुमधामसँग पूजाआजा गरिन्छ। अझ बढी नाचगान, बाजागाजा र परम्परागत् भेषभुषा नेवार समुदायले यस पर्वलाई बढी उल्लासमय वातावरणमा मनाउँछन्। यस दिन काठमाडौंको टुँडीखेलनजिक रहेका लुकुवा महादेववा पिशाचेश्वर महादेवको पूजाअर्चना पनि गर्ने परम्परा छ। यिनै लुकुवा महादेवलाई पिशाच चतुर्दशीका दिन रछानबाट झिकी नुहाइ सफासुग्घर तुल्याइ मद्यमांस आदि तामसी भोग चढाइन्छ। यस भोगमा छ्यापी, लसुनजस्ता उत्तेजक भोजनको प्राचुर्य हुन्छ। भनिन्छ– घोडेजात्रापछि लसुन छिपिएको हुन्छ, खानलायक हुँदैन भन्ने किम्वदन्ती पनि त्यत्तिकै चरितार्थ रहेको पाइन्छ। हिन्दु सँस्कृतिमा आफ्ना पूर्वजप्रतिको उदारता एवम् कृतज्ञताको प्रदर्शन गर्ने साँस्कृतिक धरोहरका रुपमा घोडेजात्रालाई लिन सकिन्छ।

छिटोछरितो, बलवान् जनावरका रुपमा घोडाको महत्व पौराणिककालदेखि नै सर्वस्वीकार्य भएकाले नै मानिसले घोडालाई तालिम दिइ कज्याएर आफूअनुकूल यातायातसाधन र मनोरञ्जनका लागि उपयोग गर्दै आएका छन्। वैदिककालमा घोडाको महत्वपूर्ण भूमिका र मान्यता रहेको देखिन्छ। उसबेला चक्रवर्ती राजाले आफ्नो प्रतिष्ठा, राज्यको सीमासुरक्षा स्थिर राख्न, राज्यबाट कर उठाउन श्यामकर्ण घोडालाई विशेषरुपले सजाइ विशेष अधिकार दिइ दिग्विजय गर्न छाडेका र सो कार्य सम्पन्न भएपछि उनले अश्वमेघ यज्ञ सम्पन्न गरेका पुराणमा उल्लेख पाइन्छ।

सामाजिक प्रतिष्ठान र मान्यतामा नेपालको कर्णाली अञ्चलको मुगु जिल्लाको 'घोडाभेंडा' प्रथामा स्थानीय जनतामा भैपरी आउने मुद्धामामिला, झैझगडा, अंशवण्डा आदिमा स्थानीय भद्रभलादमी मध्यस्थकर्ताको सहयोगमा कुनै पनि समस्या समाधान गरिदिने मध्यस्थकर्तालाई भेंडाको मासु खुवाइ घर फर्कदा घोडामा चढाएर पठाउने नियम उल्लेख भएको पाइन्छ।

घोडेजात्राअघि हालको जस्तो रुपमा हुँदैनथ्यो। तबेलाबाट घोडा ल्याएर मत्याइ दौडाइने गरिन्थ्यो र राजाहरुले भद्रकाली दर्शन गर्ने प्रथा थियो। दर्शन गर्न जाँदा राजा घोडामा जाने गर्थे। राजाको पछिपछि मन्त्रीहरु र दरबारियाको ताँती छुट्थ्यो। राजाको दर्शनयात्राको शोभा हेर्न टुँडीखेलमा जनता भेला हुने गर्थे। यसरी राजाको घोडेयात्राले पछि गएर औपचारिक घोडेजात्राको रुप हुन गएको अनुमान गर्न सकिन्छ। यस जात्राको पहिलाको रुप पाटनको बालकुमारीको चौरमा हिजोआजसम्म पनि देख्न पाइन्छ। आज आएर विभिन्न मनोरञ्जन थपिँदै गए र यो घोडेजात्राको तयारी धेरै दिनअघिदेखि गरिन थालेको हो। यस जात्राको मुख्य आकर्षण पक्ष भन्नाले घोडा, मोटर, मोटरसाइकल, साइकल, रेसजस्ता खेल प्रतियोगिता हो। यसका अलावा विभिन्न खेल, तमासा, लडाइँका प्रदर्शन, सर्कस पनि देखाइन्छ र फौजीले हेलिकोप्टरबाट विभिन्न किसिमका रोचक तथा घोचक कार्यक्रम लोकप्रिय हुन थालेको छ।

यसले घोडेजात्रा हेर्नेको संख्यामा तीव्र प्रतिस्पर्धा हुन थालेको छ। हाल आएर साधारण जनताले मोटरसाइकल, साइकल दौडमा भाग लिन पाउँछन्। महिलाले पनि विभिन्न खेलमा भाग लिन थालेका छन्। टुँडीखेल मञ्चमा र ाष्ट्रपतिलगायत प्रधानमन्त्री अन्य मन्त्री र विदेशका प्रतिनिधिलगायत उच्चपदस्थ सरकारी कर्मचारीको पनि यस अवसरमा सरिक भएको पाइन्छ।

घोडेजात्राको आफ्नै ऐतिहासिक मान्यता, मूल्य र महत्व पनि छ। यस किसिमको प्रचलनको सुरुवात गर्ने राजा जयप्रकाश मल्ल हुन्। यस जात्रा खासगरि काठमाडौं उपत्यकाको तीन सहरमा भव्यरुपमा मनाइन्छ। यस जात्रामा विशेषगरि विवाह भएर गएकी चेलीबेटीलाई भोज खुवाउने प्रचलन हालसम्म नेवारी समाजमा कायम छ। यस चाड तीन दिनको भए पनि अन्तिम दिन चैत शुक्ल परेवाको दिन मातृका देवीका खटहरु सहरमा परिक्रमा गराइ छ वटा गल्लीबाट ल्याइ असन चोकमा सात वटा खट घुमाउने कामलाई सप्तमातृकाको आपसमा ढोकभेट भएको पनि भनिन्छ भन्ने किम्वदन्ती छ।

हाम्रो समाजमा विभिन्न चाडपर्वका आआफ्नै किसिमका महत्व छन्। त्यसमध्ये घोडेजात्रा पनि एक महत्वपूर्ण पर्व हो। यसको धार्मिकभन्दा सामाजिक महत्व बढी भएको पाइन्छ। यसले नेवारी सम्प्रदायमा आफ्नै गरिमा र अस्तित्वलाई ज्वलन्तरुपमा प्रस्तुत गरिरहेको छ। यसबाट नेवारी समाजको कला र कौशलताको चरम विकास भएको यसबाट स्पष्ट हुन्छ। अतः नेवारी समाजमा यसलाई जोड दिएको प्रतीत हुन्छ। त्यसैले हिन्दु सँस्कृतिमा आफ्ना पूर्वजप्रतिको उदारता एवम् कृतज्ञताको प्रदर्शन गर्ने साँस्कृतिक धरोहरका रुपमा यस जात्रालाई लिन सकिन्छ। यस घोडेजात्रा पर्व विशेषता कृषक वर्गले आनन्द गर्ने चाड हो। घोडेजात्रा गरिब कृषकले पनि जंगबहादुरको घोडा किन्छ भनी व्यङ्ग्य गरिएको पाइन्छ। यसर्थ, प्रत्येक वर्ष घोडेजात्रा यसरी नै सम्पन्न हुन्छ।

# सरकारले भन्यो– दुर्गा प्रसाईंलाई कारबाही गर्छौं




✍ सन्देश संवाददाता

काठमाडौं/सरकारले राजसंस्था पुनस्थापना लागि संयुक्त जनआन्दोलन परिचालन समितिका कमाण्डर दुर्गा प्रसाईंलाई कारबाहीको दायरामा ल्याइने बताएको छ।

गृह मन्त्रालयका सहसचिव छवि रिजालले शुक्रबार साझ पत्रकार सम्मेलन गर्दै सरकारको उक्त तयारीबारे जानकारी गराएका हुन्। 'दुर्गा प्रसाईंलाई कारबाहीको दायरामा ल्याइन्छ,' उनले भनेका छन्।

# प्रदेशको बजेटमा अध्यक्षको रजाईं

✍ सन्देश संवाददाता

हेटौंडा/बागमती प्रदेश सरकारले उपलब्ध गराएको बजेटमा भरतपुर महानगरपालिका–२ का वडा अध्यक्ष मनोज रानाभाटलाई रजाइँ गरेको आरोप लागेको छ। भरतपुर–२ को कालिका टोलस्थित नहर मार्गमा ढलान गर्न भनी परेको २० लाख बजेट वडा अध्यक्ष रानाभाटले अन्तै लगेको आरोप लगाउँदै स्थानीयहरु असन्तुष्ट बनेका हुन्।

वडा अध्यक्ष रानाभाटले व्यक्तिगत् स्वार्थमा एउटा व्यक्तिको मात्र जग्गा पर्ने ठाउँमा बजेट लगेको स्थानीयको थप आरोप छ। १ सय मिटर लामो बाटोमा ढलान गर्न प्रदेश सरकारले बजेट दिएको थियो। प्रदेशको योजनाअनुसार दियालो फुडल्यान्डनजिक नहरको माथिपट्टि पर्ने नहर मार्गमा ढलान गर्नुपर्ने थियो। तर, वडा अध्यक्ष रानाभाटले दियालो फुडल्यान्डअगाडि नहरको तलपट्टिको बाटोमा सर्भे गराए।

सर्भेपछि बाटो ढलान गर्न टेण्डरसमेत आह्वान भइसकेको छ। योजनाभन्दा फरक ठाउँको बाटोमा ढलान गर्ने गरी टेन्डर निस्किएपछि कालिका टोलका स्थानीयहरु बिहीबार वडा कार्यालय पुगेका थिए। स्थानीयसँगको छलफलमा वडा अध्यक्ष रानाभाटले गल्ती स्वीकार गरेको स्थानीयले बताएका छन्।

भरतपुर–२, कालिका टोल विकास संस्था अध्यक्ष गणेश पौडेलले नहर मार्गमा ढलान गर्ने कामलाई पनि छिट्टै अगाडि बढाउने आश्वासन दिएको बताए। 'माथिको बजेट तल झारेकोमा वडा अध्यक्षले माफी माग्नुभयो। अब दुवै ठाउँको योजना सँगसँगै लैजान्छु र एकैचोटि सम्पन्न गर्छु भन्ने आश्वासन दिनुभएको छ,' उनले भने। वडा अध्यक्षको आश्वासनप्रति विश्वास गर्दै आफूहरु फर्किएको उनले बताए। वडा अध्यक्षले बजेट अन्तबाट ल्याएर भए पनि सकेसम्म यसै आर्थिक वर्ष र नभए अर्को वर्षको सुरुमै बाटो ढलान गर्ने बचन दिएको उनको भनाइ छ।

वडा अध्यक्ष रानाभाटको आश्वासनबाट पटक्कै खुशी नभएको स्थानीय रामचन्द्र सापकोटाले बताए। 'वडा अध्यक्षको आश्वासनबाट म खुशी त पटक्कै छैन, आश्वासन मौखिकमात्र आयो। तर, दिग्गज मान्छेको अगाडि वडा अध्यक्षले बोल्नुभएकाले आशावादी बन्नुपर्ने रहेछ,' उनले भने–बन्ला भन्नेमा विश्वास छैन, यस्ता आश्वासन दुई वर्षदेखि पाउँदै आएका छौं।

स्थानीयहरु आफैं सक्रिय भएर प्रदेश सरकारबाट ल्याएको बजेट वडा अध्यक्षले अन्त लगेको उनले बताए। 'हामी आफैंले पहल गरेर बजेट ल्याउन प्रदेशसम्म पुगियो। आफैंले ल्याएको बजेट त यस्तो भयो भनेपछि अब फेरि बजेट आउला भन्नेमा आशावादी छैन। निर्वाचनका बेला उनी आफैंले वडा अध्यक्ष रानाभाटलाई लिएर हिंडेका थिए। मत माग्न जाने क्रममा वडा अध्यक्ष रानाभाट सवार गाडीले नहर मार्गमा एकजनालाई ठक्करसमेत दिएको थियो।

वडा अध्यक्ष रानाभाटले निर्वाचनमा गरेको प्रतिबद्धताअनुसार व्यवहार नगरेको उनले बताए। 'निर्वाचनका बेला त्यही बाटोमा उहाँको गाडीले कसैलाई चोट दिएको थियो, त्यतिबेला उहाँले यो बाटो तत्काल बन्नुपर्छ भनेर भन्नुभएको थियो। तर, हाल बाटोका लागि परेको बजेट पनि अर्को बाटोमा लैजाँदा हाम्रो त्यसमा आपत्ति हो,' उनले भने। जनप्रतिनिधिसँगको छलफलमा राजनीतिक दलका प्रतिनिधि पनि सहभागी भएकाले वडा अध्यक्षको आश्वासनकै आधारमा फर्किएको उनले बताए। उनका अनुसार कालिका टोलमा करिब ६१ घरधुरी छन्। वडा कार्यालयले कालिका टोललाई टोलको मान्यतासमेत नदिएको उनले बताए। छलफलपछि प्रतिक्रिया लिन खोज्दा वडा अध्यक्ष रानाभाटले प्रतिक्रिया दिन अस्वीकार गरे।



## निर्माण ब्यवसायी संघ, मकवानपुरको
## फर्म नविकरणसम्बन्धि सूचना

यस संघको २५ औं बार्षिक साधारण सभा मिति २०८२ बैशाख ०६ गते हेटौडामा हुन गईरहेको सहर्ष जानकारी गराउंछौं।

साथै, यस संघमा दर्ता रहनु भएका निर्माण ब्यवसायीहरुले यस संघको २५ औं बार्षिक साधारण सभामा सहभागी हुनका लागि मिति २०८१ चैत्र मसान्तसम्ममा आव २०८१/०८२ को अनिर्वायरुपमा नविकरण गराई सक्नु पर्ने ब्यवस्था भएअनुसार अनिर्वायरुपमा आआफ्नो फर्म नविकरण गर्नु/गराउनु हुन यसै सूचनाद्वारा हार्दिक अनुरोध गरिन्छ।

राजेन्द्रप्रसाद चौलागाई
(महासचिव)

## आकर्षक जग्गा सस्तो मुल्यमा बिक्रीमा




आवास, संघ/संस्था तथा उद्योगको लागि उपयुक्त जग्गा तपाईको मुल्यमा पाउनु हुनेछ। स्थानः रातोमाटे भोर्ले।
सम्पर्क नं. : ९८४५०२८५०८, ९८४५०३१३४७

## चालु अवस्थाको कपडा पसल बिक्रीमा

हेटौंडा–४ कान्तिराजपथमा रहेको अति चालु अवस्थाको कपडा पसल बिशेष कारणले बिक्रीमा रहेकोले ईच्छुक खरिदकर्ताले तुरुन्त सम्पर्क राख्नुहोला।

सम्पर्क नम्बर : ९८२४३९३७८६, ९८२९१९४७८६

## !! रोजगारीको सूवर्ण अवसर !!

यस फर्मको लागि केही बजार प्रतिनिधिहरुको आवश्यकता भएकोले ईच्छुक योग्य युवाहरुबाट दरखास्त आह्वान गरिन्छ।

**तह/पद** : बजार प्रतिनिधि (Sales Man), **संख्या** : ६ जना
**उमेर** : १८ वर्ष पुरा भएको, **शैक्षिक योग्यता**: साधारण
**आवश्यक कागजात** : नागरिकताको प्रतिलिपि, फोटो, शैक्षिक प्रमाणपत्र
**निवेदन दस्तुर** : रु ५,००, **सोब सुविधा** : रु.१५,००० देखि १,००,००० सम्म
**दरखास्त अन्तिम मिति** : २०८१ चैत ०८ गते शुक्रबार
**छनौट अन्तरवार्ता** : २०८१ चैत १२ गते मंगलबार
**समय** : विहान ११:३० बजे देखि २:३० बजेसम्म

सम्पर्क : **पुनम सप्लायर्स**
**मो: ९८५५०७३४९८, ९८०४२०४२६६**
हेटौंडा-१, राप्तीरोड, मकवानपुर

## आकर्षक घडेरी बिक्रीमा

मकवानपुर बहुमुखी क्याम्पस नजिक, हेटौंडा–२, जिल्ला प्रशासन कार्यालयबाट पुर्वतर्फ एक मिनेटको दुरीमा रहेको वनस्खण्डी टोलमा घडेरी बिक्रीमा इच्छुकले सम्पर्क गर्न सक्नु हुनेछ।
(**नोट**: आधा नगद र आधा हेटौडा नजिकको जग्गासंग उपयुक्त लागेमा साट्नसमेत सकिनेछ।)
**सम्पर्क नम्बर: ९८४५१२३३६६**

## सुबिधायुक्त घर भाडामा

हेटौंडा–४ पुष्पलालपार्क नजिकै रहेको पर्याप्त पार्किङ सुविधासहितको सुबिधायुक्त गार्ड रुम सहितको २ फ्ल्याटको आकर्षक घर भाडामा उपलब्ध छ। ईच्छुकले सम्पर्क राख्नुहोला।
**सम्पर्क: ९८४८६६४५६२**

## शुभम यातायात प्रा. लि. द्वारा नयाँ EV को प्रस्तुति

ELECTRIC UAN (AC EV) वातावरणमैत्री विद्युतीय यात्रुवाहक सेवा

२०८१ साल आषाढदेखि हेटौंडा उपमहानगरमा स्थापना भएर यात्रु महानुभावहरूलाई सजिलो, भरपर्दो र AC युक्त आरामदायी EV सेवा प्रदान गर्दै निरन्तर वातावरणमैत्री विद्युतीय सवारी साधन Electric van (AC EV)मा यात्रुहरूको सुझावसहित गुणस्तरीय सेवा पु्याउने सहर्ष जानकारी गराउँदछौ।







हेटौडादेखि काठमाण्डौसम्म ••• काठमाडौदेखि हेटौडासम्म

सदैव सजिलो, आरामदायी शुभयात्राको लागि सम्झनुहोस।
यस कम्पनीद्वारा सञ्चालित EV माइक्रो, स्कार्पियो तथा जीप रिजर्वको लागि सम्पर्क गर्नुहोस्।

सञ्चालक : शुकराम रुम्बा
**शुभम यातायात प्रा.लि.**
हेटौंडा-४, कान्तिराजपथ, कुमारी बैंक भित्र,
सम्पर्क नं. : ९८५५०३१४२४, ९८०३८५१५९८, ९८४५०७७२२६


प्रकाशकः केदारप्रसाद न्यौपानेद्वारा हेटौंडा सन्देश दैनिकका लागि प्रकाशित/मुद्रितः सन्देश छापाखाना ।। कार्यालयः हेटौंडा-२ मानस चोक ।। फोनः ०५७-५२२२३७, ५२४२३६, ।। E-mail: htd.sandesh@gmail.com, ।। सम्पादकः माधव न्यौपाने